# वार्षिक प्रगति प्रतिवेदन
# आर्थिक वर्ष २०८२/०८३




नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

## मुद्रण विभाग

सिंहदरबार, काठमाडौँ

२०८३ असोज

# वार्षिक प्रगति प्रतिवेदन

## आर्थिक वर्ष २०८२/०८३

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

# मुद्रण विभाग

सिंहदरबार, काठमाडौं

२०८३ असोज

# सम्पादन मण्डल

संयोजक

श्री छबिन्द्र पराजुली

महानिर्देशक

सह-संयोजक

श्री सम्झना लामिछाने

निर्देशक

सदस्यहरू

हरिबल्लभ घिमिरे

शाखा अधिकृत

कुमार विक्रम रेग्मी

लेखा अधिकृत

सुनिता रेग्मी

मुद्रण अधिकृत

हरि प्रसाद पन्त

कम्प्युटर अपरेटर

प्रकाशक एवं सर्वाधिकार

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

## मुद्रण विभाग

सिंहदरबार, काठमाडौं

**(Website: www.dop.gov.np)**

प्रकाशित मिति

२०८३ असोज

प्रकाशन प्रति

३० प्रति

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्या:-

चलानी नं.:-

# शुभकामना



सरकारी मुद्रण कार्यलाई व्यवस्थित, सुसंगठित, विश्वसनीय एवं गुणस्तरीय तथा एकीकृत तवरले सम्पादन गर्ने उद्देश्यले सूचना तथा सञ्चार मन्त्रालय मातहत रहेको मुद्रण विभागले सरकारी छापाखानाको रुपमा आर्थिक वर्ष २०८२/०८३ मा सम्पादन गरेका क्रियाकलाप समेटी चौधौं वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गर्न लागेकोमा मलाई खुशी लागेको छ। नेपाल राजपत्रको प्रकाशन,संवेदनशील एवं महत्त्वपूर्ण सरकारी दस्तावेजहरूको छपाइ लगायत यस अवधिमा सम्पादन गरिएका कार्यहरू,हासिल भएका उपलब्धिहरू र सिकिएका अनुभवहरू समेटेर तयार पारिएको यो प्रतिवेदन एक महत्त्वपूर्ण दस्तावेजको रूपमा उपयोग गर्न सकिनेछ।

अन्य सरकारी मुद्रण सहित विशेष गरी नेपाल राजपत्रको नियमित एवं व्यवस्थित प्रकाशन, वितरण तथा अभिलेखीकरण गर्ने जस्तो संवेदनशील र जिम्मेवार कार्य मुद्रण विभागले सम्पादन गर्दै आएको छ। मुद्रण सेवालाई विश्वसनीय, सुरक्षित, आत्मनिर्भर र उच्च गुणस्तरीय बनाउन विभागले पुऱ्याएको योगदान प्रशंसनीय छ। अत्यावश्यक सेवा अन्तर्गत नेपाल सरकारको महत्त्वपूर्ण सूचनाहरू जुनसुकै बखत छपाइ गर्ने, नेपाल राजपत्रको नियमित संख्या सोमबार र बिहीबार हप्ताको दुई पटक प्रकाशन गर्ने, हालसम्म प्रकाशन भएका राजपत्रहरू अभिलेखीकरणका साथै अनलाइन माध्यमबाट हेर्न मिल्ने गरी विभागको आधिकारिक वेबसाइटमा अपलोड गर्ने कार्यले नेपाल सरकारको महत्त्वपूर्ण सूचनाहरू समयमै नागरिक समक्ष पुगी सुसुचित हुन पाउने नागरिक हकको प्रत्याभूति गराउनमा सघाउ पुगेको छ।

नेपाल राजपत्र र सरकारी निकायका संवेदनशील तथा गोप्य कागजातहरू जुनसुकै बखत छपाइ गर्नुपर्ने भएकाले मुद्रण विभाग २४ सै घण्टा तयारी अवस्थामा रहनुपर्छ। आधुनिक प्रविधिको विकाससँगै विभागले आफ्नो मुद्रण प्रणाली र कार्यशैलीमा सुधार गर्दै अत्याधुनिक उपकरणहरूको व्यवस्था गरी नेपाल सरकारका सम्पूर्ण सामग्रीहरू सुरक्षित र उच्च गुणस्तरमा छपाइ गर्ने सक्षम संस्थाका रूपमा आफूलाई स्थापित गराउनु आवश्यक छ। साथै, सङ्घीय संरचना अनुसार सङ्घ, प्रदेश र स्थानीय तहबाट जारी हुने राजपत्रहरूमा एकरूपता ल्याउन विभागले अग्रणी भूमिका खेल्नुपर्दछ। आगामी दिनमा विभागले यही लक्ष्य अनुसार आफ्ना नीति तथा कार्यक्रमहरू अगाडि बढाई आफूलाई थप आधुनिक एवं प्रविधिमैत्री बनाउँदै विभागको गरिमा उच्च बनाउन सफल हुन सकोस भन्ने शुभकामना व्यक्त गर्दछु।

अन्त्यमा, यस चौधौं वार्षिक प्रतिवेदनले मुद्रण विभागले सम्पादन गरेका कामकारबाहीका सम्बन्धमा सरोकारवालाहरूलाई स्पष्ट जानकारी दिनुका साथै आगामी दिनमा मुद्रण क्षेत्रमा गर्नुपर्ने सुधारका सम्भावित क्षेत्रहरू पहिचान गर्न मद्दत पुऱ्याउनेछ भन्ने आशा लिएको छु। प्रतिवेदन तयार पार्ने कार्यमा अभिप्रेरित भई कार्य गर्नुभएका महानिर्देशक लगायत सम्पूर्ण कर्मचारी टोलीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**राजेन्द्र कुमार पौडेल**
**सचिव**

२०८३ असोज

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
मुद्रण विभाग
सिंहदरबार, काठमाडौं

फोन नं.: ४२११६९५
४२११८२०
४२११७४९
४२११६२२
फ्याक्स नं.: ४२११७८३
Website: www.dop.gov.np

पत्र संख्या:-
चलानी नं.:

# प्रतिबद्धता



नेपाल सरकारको आधिकारिक छापाखानाको रूपमा स्थापित मुद्रण विभागले लामो समयदेखि नेपाल राजपत्र र विभिन्न सरकारी निकायहरूबाट छपाइका लागि अनुरोध भई आएका दस्तावेजहरूको सुरक्षित एवं गुणस्तरीय छपाइ गरी मुद्रण सेवा उपलब्ध गराउँदै आइरहेको छ। जनतालाई सूचनाको हकको प्रत्याभूति दिन वि.सं. २००८ साल श्रावण २२ देखि प्रकाशित राजपत्रहरूको विद्युतीय अभिलेख तयार गरी विभागको आधिकारिक वेबसाइट www.rajpatra.dop.gov.np मा अपलोड गरिएको र हाल प्रकाशन भईरहेका राजपत्रहरू सोही वेबसाइटमार्फत हेर्न सकिने व्यवस्था गरिएको छ। साथै विभागले संघ, प्रदेश र स्थानीय तहबाट प्रकाशन हुने राजपत्रहरूमा एकरूपता कायम होस् भन्ने उद्देश्यले राजपत्र प्रकाशन तथा व्यवस्थापन सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रममा जोड दिँदै केही नवीन विषय क्षेत्रसँग सम्बन्धित छपाइ कार्य समेत शुरू गरिएको छ।

विभागले निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्ने लगायत दक्षता, प्रभावकारिता, मितव्ययिता र स्तरीयता कायम गरी सेवा प्रदान गर्ने चुनौतीहरू सामना गर्दै आएको छ। संघीयताको सन्दर्भमा यसको भूमिका र क्षेत्राधिकार पुनर्विचार गरी सशक्त, सक्षम र प्रभावकारी निकायको रूपमा स्थापित गर्न प्राथमिकता दिनुपर्ने देखिन्छ। विभागले सेवामूलक, उत्पादनमूलक र व्यवसायीक संस्थाको रूपमा आत्मनिर्भर हुँदै सुरक्षित र गुणस्तरीय छपाइ सामग्री उत्पादन गर्ने र सबै सरकारी मुद्रण सामग्रीहरू आफ्नै छापाखानाबाट छाप्न सक्षम हुने गरी प्राविधिक, भौतिक र मानवीय क्षमता विकास गर्दै विभागको संस्थागत सुदृढीकरण गर्नु आवश्यक देखिन्छ।

यसका लागि स्पष्ट नीतिगत व्यवस्था गर्न, नवीनतम प्रविधिको प्रयोगलाई बढावा दिन, निजी क्षेत्रका व्यवस्थापन शैलीहरू अवलम्बन गर्न, गुणस्तर नियमनको मापदण्ड निर्धारण गर्न र डिजिटाइजेशन गरिएका राजपत्रहरूको संरक्षण गर्न विभागले लिएको अग्रसरतालाई थप गति प्रदान गर्नुपर्ने देखिन्छ। यसका साथै नेपाल सरकारका सबै मन्त्रालय, विभाग र निकायहरूबाट हुने छपाइ सम्बन्धी कार्य मुद्रण विभागबाट हुन सकेमा विभागको काममा बढोत्तरी हुन सहयोग पुग्नेछ।

चुनौतीलाई अवसरको रूपमा लिँदै, विभागले आ.व. २०८२/०८३ का सम्पादन कार्यहरू समेटेर चौधौं प्रतिवेदन प्रकाशन भएकोमा खुशी लागेको छ। यसले सरोकारवालाहरूलाई आवश्यक जानकारी प्रदान गर्ने विश्वास व्यक्त गर्दछु साथै यस वार्षिक प्रगति प्रतिवेदन प्रकाशनमा संलग्न सबै कर्मचारीहरूलाई धन्यवाद दिँदै विभागको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

(छबिन्द्र पराजुली)
महानिर्देशक

# हाम्रो धारणा

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय अन्तर्गत रही मुद्रण विभागले नेपाल सरकारका ऐन, नियम, नीति, सन्धि, सम्झौता राजपत्रमा प्रकाशन गरी नेपाल सरकारको आधिकारिक छापाखानाको रूपमा काम गर्दै आएको छ। सरकारी निकायका विभिन्न दस्तावेजको प्रकाशनसँगै विभागले नियमित रूपमा प्रकाशन गर्दै आएको राजपत्रको महत्त्व कायम नै छ।

मुद्रण विभागलाई वि.सं. २०२९ सालदेखि सञ्चार मन्त्रालय अन्तर्गतको निकायको रूपमा विकास गरी वि.सं. २०३१ सालमा सुरक्षण मुद्रणको अवधारणासहित यसलाई सिंहदबार भित्र सारियो। नेपालमा टाईप छापाखानाको रूपमा संचालित भई मिति २०४५/०४/०५ को निर्णय अनुसार मुद्रण तथा प्रकाशन विभागको रूपमा र मिति २०४९/०५/२९ को निर्णय अनुसार मुद्रण विभागको रूपमा नामाकरण गरियो। यस विभागले सरकारको बजेट वक्तव्य, आय व्यय विवरण, आर्थिक सर्वेक्षण, आर्थिक विधेयक, नेपाली नागरिकताको प्रमाणपत्र, लेटरप्याड, वार्षिक प्रतिवेदनहरू, विशिष्ट व्यक्तित्वको गोप्य कार्यक्रम तालिकाहरू छपाइ गर्नुका साथै सरकारी, अर्धसरकारी निकायहरूबाट अनुरोध भई आउने छपाइ सामग्रीहरूलाई तोकिएको समयमा छपाइ गरी गुणस्तरीय सेवा उपलब्ध गराउँदै आएको छ। यसैगरी विभिन्न निकायहरूलाई छपाइसम्बन्धी राय, सुझाव, सल्लाह तथा मुद्रण प्रविधिसम्बन्धी विशेषज्ञता सेवा उपलब्ध गराउँदै आएको छ। प्रदेश सरकार तथा स्थानीय तहमा राजपत्र प्रकाशनमा एकरुपता कायम गर्न वार्षिक रूपमा विभिन्न राजपत्र प्रकाशन सम्बन्धी अन्तर्क्रिया कार्यक्रमहरू समेत नियमित सञ्चालन गर्दै आएको छ।

मुद्रण विभागले हप्ताको दुईपटक सोमबार र बिहीबार नेपाल राजपत्रको नियमित संख्या प्रकाशन गर्दै आएको छ। विभागले वि.सं. २००८ सालदेखि हालसम्म प्रकाशित नेपाल राजपत्रहरूलाई विद्युतीय अभिलेखिकरण गरी विभागको वेबसाइट www.rajpatra.dop.gov.np मा अपलोड गरी राजपत्रमा सबैको सहज पहुँच स्थापित गर्दै आएको छ।

मुद्रण विभाग समयानुकुल परिवर्तन हुँदै विगतमा प्रयोग भई हाल प्रय चरण बाहिर (Phase Out/Outdated) भएका छपाइ सम्बन्धी मेसिनहरूलाई आधुनिक र प्रविधियुक्त मेसिनहरूले प्रतिस्थापन गर्दै गइरहेको छ। नेपाल सरकारको सुरक्षित छापाखानाको रूपमा स्थापित यस मुद्रण विभागको कार्यबोझ निरन्तर क्रमशः घट्दै गइरहेको सन्दर्भमा राज्यको वर्षेनी छपाइको लागि विदेशिएको अर्वौं रकम बराबरको छपाइ सकेसम्म नेपालमै गर्ने वातावरण

तयार गर्न सके तथा नेपाल सरकारका सबै निकायका आधिकारिक छपाइ सम्बन्धी कार्यहरू नेपालमै गर्न सके विभागको कार्यक्षेत्र तथा संस्थागत क्षमता वृद्धि हुने देखिन्छ। अन्त्यमा, यस वार्षिक प्रतिवेदन प्रकाशनका लागि शुभकामना दिनुहुने सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवज्यू, मुद्रण विभागका महानिर्देशकज्यू लगायत प्रतिवेदन तयारीका लागि प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग, सल्लाह, सुझाव दिनुहुने सम्पूर्ण कर्मचारीहरूप्रति प्रतिवेदन प्रकाशन समिति आभार प्रकट गर्दछ।

**- प्रतिवेदन प्रकाशन समिति**

# कार्यकारी सारांश

नेपाल सरकारको आधिकारिक छापाखानाको रूपमा स्थापित भई महत्त्वपूर्ण छपाइसम्बन्धी कार्य गर्दै आएको मुद्रण विभागले वर्षभरि गरेका कामको विवरण समेटेर आ.व. २०६९/०७० देखि वार्षिक प्रतिवेदन प्रकाशन गर्दै आएकोमा आ.व. २०८२/०८३ मा समेत विभागको संगठनात्मक अवस्था, आर्थिक, भौतिक र मानवस्रोत सम्बन्धी विवरणहरू, विभागको शाखा/एकाइगत कार्यविवरण, विभागको मुख्य-मुख्य उपलब्धी समावेश गरिएको चौधौं वार्षिक प्रतिवेदन प्रकाशन गरिएको छ।

यस प्रतिवेदनको **परिच्छेद-एक** मा मुद्रण विभागको परिचय अन्तर्गत पृष्ठभूमि, विभागको स्वरूप र प्रकृति, विभागको कार्यक्षेत्र, विभागबाट हाल सम्पादन भइरहेका मुख्य मुख्य कार्यहरू, मुख्य उद्देश्यहरू, विभागको वर्तमान स्वीकृत संगठनात्मक संरचना, विभागको वर्तमान स्वीकृत दरबन्दी तेरिज, वर्तमान संरचना अनुसारका शाखा/एकाइहरूको कार्य विवरण, विभागको नागरिक बडापत्र, सम्बद्ध ऐन, नियम, नीति, गठन आदेश तथा निर्देशिका, कार्यविधि र अन्य कानूनी व्यवस्थाका साथै नीति तथा आवधिक योजनामा मुद्रण सम्बन्धी प्रावधानहरू, विभागको वर्तमान अवस्था, विभागको दीर्घकालीन सोच, अवसर र चुनौतीहरू, विभागले कार्यसम्पादनका क्रममा भोगीरहेका प्रमुख समस्या र समाधानका लागि गरिएका प्रयासहरू र विभागको आ.व. २०८२/०८३ को मुख्य मुख्य उपलब्धी उल्लेख गरिएको छ। **परिच्छेद-दुई** मा राजपत्रको प्रकाशन, भागहरूको वर्गीकरण, प्रकाशनको प्रक्रिया, वितरण र वार्षिक ग्राहक एवं फुटकर बिक्री सम्बन्धी व्यवस्था उल्लेख गरिएको छ। **परिच्छेद-तीन** मा विभागका शाखा एवं एकाइगत कार्य विवरणहरू र आ.व. २०८२/०८३ मा ती एकाइहरूबाट सम्पादन भएका कामको प्रगति उल्लेख गरिएको छ। साविकको संरचनामा रहेको राजपत्र सम्पादन एकाइबाट सम्पादन भई आ.व. २०८२/०८३ मा नेपाल राजपत्रको नियमित अङ्क (संख्या) र अतिरिक्ताङ्कमा प्रकाशन भएका सूचनाहरूको विवरण यसै परिच्छेदमा राजपत्र प्रकाशन तथा अभिलेख एकाइको कार्य प्रगतिको रूपमा राखिएको छ। **परिच्छेद-चार** मा मुद्रण सम्बन्धी नियमहरू, २०५५ र नेपाल राजपत्रलाई अद्यावधिक गर्ने र वेबसाइटमार्फत प्रकाशन गर्ने सम्बन्धी कार्यविधि, (पहिलो संशोधन) २०७३ समावेश गरिएको छ। **परिच्छेद-पाँच** मा विभिन्न अनुसूचीहरू उल्लेख गरिएका छन्। अनुसूची-१ मा तत्कालीन सञ्चार मन्त्रालयको **मुद्रण तथा प्रकाशन विभाग** स्थापना गरिएको सम्बन्धी नेपाल राजपत्रमा प्रकाशन गरिएको सूचना राखिएको

छ। अनुसूची-२ मा तत्कालीन सूचना तथा संचार मन्त्रालयको विभिन्न विभाग र संस्थानको नाम परिवर्तन सम्बन्धी सूचनामा **मुद्रण तथा प्रकाशन विभाग**को नाम परिवर्तन गरी **मुद्रण विभाग** कायम गरिएको सम्बन्धी नेपाल राजपत्रमा प्रकाशन गरिएको सूचना समावेश गरिएको छ। अनुसूची-३ मा विभागका हालसम्मका महानिर्देशकको नामावली, अनुसूची-४ मा यस विभागबाट सम्पादन हुने मुद्रण कार्यको Work Flow Chart, अनुसूची-५ मा विभागको नागरिक बडापत्र, अनुसूची-६ मा आ.व. २०८२/०८३ को वार्षिक कार्ययोजना तथा स्वीकृत वार्षिक कार्यक्रमहरूको प्रगति सम्बन्धी विवरण अनुसूची-७ मा विभागमा कार्यरत स्थायी कर्मचारीहरूको विवरण तथा अनुसूची-८ मा विभागमा कार्यरत करार सेवाका कर्मचारीहरूको विवरण उल्लेख गरिएको छ भने अनुसूची-९ मा आ.व. २०८२/०८३ मा विभागबाट अनिवार्य अवकाश प्राप्त तथा राजीनामा स्वीकृत गराउनु भएका कर्मचारीहरूको नामावली उल्लेख गरिएको छ र अनुसूची-१० मा आ.व. २०८२/०८३ मा मुद्रण विभागबाट सम्पादित कार्यक्रमहरूको तस्बिरहरू समावेश गरिएको छ।

आधिकारिक सरकारी छापाखानाको रूपमा क्रियाशील यो निकायलाई नीतिगत, संस्थागत तथा व्यवस्थापकीय रूपमा साधन सम्पन्न बनाउने र विभागको कार्य सम्पादन स्तरलाई थप छिटो, छरितो, सुदृढ, प्रविधिमैत्री र प्रभावकारी बनाउनु आजको आवश्यकता हो। अन्तमा, यो प्रतिवेदनमा उल्लेखित विषयवस्तुहरू सकेसम्म कम त्रुटिपूर्ण होस् र यसका पाठकवर्गहरूलाई मुद्रण विभागसम्बन्धी केही जानकारी उपलब्ध हुनेछ र विभागका आगामी योजना तर्जुमा कार्यमा समेत यो प्रतिवेदन उपयोगी हुने विश्वास लिइएको छ।

# विषय सूची

**शुभकामना** .................................................................................... i

**प्रतिबद्धता** .................................................................................... iii

**हाम्रो धारणा** .................................................................................... v

**कार्यकारी सारांश** .................................................................................... vii

**विषय सूची** .................................................................................... ix

**परिच्छेद - एक** .................................................................................... १

**मुद्रण विभाग : परिचय** .................................................................................... १

१.१ पृष्ठभूमि १

१.२ विभागको स्वरूप र प्रकृति २

१.३ विभागको कार्यक्षेत्र २

१.४ विभागबाट हाल सम्पादन भइरहेका मुख्य मुख्य कार्यहरू ३

१.५ मुख्य उद्देश्यहरू ३

१.६ विभागको वर्तमान स्वीकृत संगठनात्मक संरचना : ४

१.७ विभागको वर्तमान स्वीकृत दरबन्दी तेरिज : ४

१.८ वर्तमान संरचना अनुसार शाखाहरूको कार्य विवरण ६

१.९ नागरिक बडापत्र ६

१.१० सम्बद्ध ऐन, नियम, नीति, गठन आदेश तथा निर्देशिका, कार्यविधि र अन्य कानूनी व्यवस्था ६

१.११ नीति तथा आवधिक योजनामा मुद्रण सम्बन्धी प्रावधानहरू ७

१.१२ विभागको वर्तमान अवस्था १०

१.१३ विभागको दीर्घकालीन सोच ११

१.१४ अवसर र चुनौतीहरू १२

१.१५ प्रमुख समस्या र समाधानका लागि गरिएका प्रयासहरू १२

१.१६ आ.व. २०८२/०८३ को मुख्य मुख्य उपलब्धी १३

१.१७ निष्कर्ष तथा सुझाव १३

**परिच्छेद - दुई** .................................................................................... १५

**राजपत्र प्रकाशन तथा वितरण** .................................................................................... १५

२.१ प्रकाशन १५

२.२ भागहरू १५

२.३ प्रकाशनको प्रक्रिया १५

२.४ वितरण १६
२.५ वार्षिक ग्राहक एवं फुटकर बिक्री सम्बन्धी व्यवस्था १६
**परिच्छेद - तीन........................................................................१८**
**शाखागत एवं एकाइगत कार्य प्रगति ....................................................१८**
३.१ प्रशासन शाखा १८
३.१.१ प्रशासन तथा योजना एकाइ ........................................................१८
३.१.२ खरिद तथा भण्डार एकाइ ..........................................................१९
३.१.३ आर्थिक प्रशासन एकाइ.............................................................. २०
३.२ मुद्रण व्यवस्थापन शाखा २३
३.२.१ मुद्रण प्रबन्ध एकाइ ................................................................... २३
३.२.२ राजपत्र प्रकाशन तथा अभिलेख एकाइ ........................................ ३०
३.२.२.१ वि.सं. २०८२ साल साउन १ गतेदेखि वि.सं. २०८३ साल असार मसान्तसम्ममा प्रकाशित राजपत्रका संख्याहरूको विवरण........... ३०
३.२.२.२ वि.सं. २०८२ साल साउन १ गतेदेखि वि.सं. २०८३ साल असार मसान्तसम्ममा प्रकाशित राजपत्रका अतिरिक्ताङ्कहरूको विवरण..... ४४
३.२.३ डिजिटल तथा गुण नियन्त्रण एकाइ............................................ ५१
३.२.४ सि. टि. पि. तथा प्रेस एकाइ..................................................... ५३
३.२.५ बाइन्डिङ एकाइ ...................................................................... ५६
३.२.६ राजपत्र वितरण एकाइ.............................................................. ५६
३.२.७ मेसिन संरक्षण तथा मर्मत एकाइ ............................................... ५७
**परिच्छेद - चार........................................................................५९**
**मुद्रण सम्बद्ध नियम तथा कार्यविधि...................................................५९**
४.१ मुद्रण सम्बन्धी नियमहरू, २०५५ ५९
४.२ नेपाल राजपत्रलाई अद्यावधिक गर्ने र वेबसाइटमार्फत प्रकाशन गर्ने सम्बन्धी कार्यविधि, (पहिलो संशोधन) २०७३ ६०
**परिच्छेद - पाँच........................................................................६३**
**अनुसूचीहरू.............................................................................६३**
अनुसूची - १ ६३
तत्कालिन सञ्चार मन्त्रालयको मुद्रण तथा प्रकाशन विभाग स्थापना गरिएको सूचना.... ६३
अनुसूची - २ ६४
तत्कालिन सूचना तथा संचार मन्त्रालयको मुद्रण विभाग नामाकरणको सूचना............ ६४
अनुसूची - ३ ६५
हालसम्मका महानिर्देशकहरूको नामावली.................................................. ६५

अनुसूची - ४ ६६
मुद्रण कार्यको Work Flow Chart ............................................................. ६६
अनुसूची - ५ ६७
मुद्रण विभागको नागरिक बडापत्र................................................................ ६७
अनुसूची - ६ ६९
आ.व. २०८२/०८३ को वार्षिक कार्ययोजना.................................................. ६९
अनुसूची - ७ ७१
विभागमा कार्यरत स्थायी कर्मचारीहरूको विवरण.............................................. ७१
अनुसूची - ८ ७८
विभागमा कार्यरत करार सेवाका कर्मचारीहरूको विवरण...................................... ७८
अनुसूची - ९ ८०
आ.व. २०८२/०८३ मा अनिवार्य अवकाश तथा राजीनामा स्वीकृत हुनेको नामावली. ८०
अनुसूची - १० ८१
आ.व. २०८२/०८३ मा विभागबाट सम्पादित कार्यक्रमहरू : तस्बिरमा................. ८१

# परिच्छेद - एक
# मुद्रण विभाग : परिचय

## १.१ पृष्ठभूमि

वि.सं. १९०८ मा तात्कालीन प्रधानमन्त्री श्री जंगबहादुर राणाले बेलायतबाट उपहार स्वरूप ल्याएको अमेरिकामा निर्मित हाते मेसिन (गिद्धे प्रेस) लाई काठमाडौंको थापाथलीमा छापाखाना निर्माण गरी विधिवत रूपमा नेपालमा मुद्रण कार्यको थालनी भएको पाइन्छ। यसलाई पछि टाइप छापाखानाको रूपमा स्थापना गरिएकोमा वि.सं. १९५८ सालमा टाइप छापाखाना र पशुपति छापाखाना मिलाएर काठमाडौंको धर्मपथमा गोरखापत्र छापाखानाको स्थापना भई साप्ताहिक रूपमा गोरखापत्रको छपाइ लगायत अन्य सरकारी कामको छपाइ सुरु भएको थियो। वि.सं. २०२० सालमा गोरखापत्र प्रकाशनका लागि छुट्टै छापाखानाको स्थापना भएकोमा वि.सं. २०३१ सालमा अलग-अलग प्रकृतिको दुई निकायका लागि स्थान अभावको कारणले गर्दा गोरखापत्र संस्थानलाई धर्मपथमा नै राखी सिंहदरबारभित्र ३० रोपनी जग्गामा उपयुक्त भवन बनाई सुरक्षण मुद्रणालय स्थापना गर्ने उद्देश्य अनुरुप सञ्चार मन्त्रालय अन्तर्गत नेपाल सरकारको छापाखानाको रूपमा नेपाल राजपत्रको प्रकाशन तथा सरकारी बजेट लगायत अन्य सुरक्षण मुद्रणसम्बन्धी छपाइ सामग्रीहरूको छपाइ कार्य गर्दै आइरहेको थियो। मिति २०४५/०४/०५ को तत्कालीन श्री ५ को सरकारको निर्णयानुसार (खण्ड ३८, संख्या १७, नेपाल राजपत्र, भाग ४, मिति २०४५/०४/२४ मा प्रकाशन भएको तत्कालिन सञ्चार मन्त्रालयको सूचना : अनुसूची-१ मा समावेश गरिएको) वि.सं. २०४५ सालमा मुद्रण तथा प्रकाशन विभाग स्थापना गरिएकोमा मिति २०४९/०५/२९ को तत्कालीन श्री ५ को सरकारको निर्णयानुसार (खण्ड ४२, संख्या २५, नेपाल राजपत्र, भाग ४, मिति २०४९/०६/१२ मा प्रकाशन भएको तत्कालिन सूचना तथा संचार मन्त्रालयको सूचनाः अनुसूची-२ मा समावेश गरिएको) उक्त विभागको नाम परिवर्तन गरी मुद्रण विभाग कायम गरिएको अभिलेखबाट देखिन्छ।

विगतमा यस विभागले नेपाल सरकारको सुरक्षण मुद्रणसम्बन्धी कार्यहरू जस्तै अन्तशुल्क स्टीकर, विभिन्न शैक्षिक संस्थाका प्रश्नपत्रहरू, भिषा स्टीकर लगायतका कार्यहरू समेत गरेकोमा पछिल्ला वर्षमा यस्ता कामहरू गर्न छोडेको देखिन्छ। हाल विभागले मूलतः सालबसाली रुपमा बजेट सम्बन्धी प्रकाशन, नियमित रुपमा राजपत्रको प्रकाशन, नागरिकताको प्रमाण पत्र, नोटरी पब्लिकको लेटर प्याड र अन्य तीनै तहका सरकारी तथा संगठित संस्थाको अनुरोधमा  गरिने छपाइ सम्बन्धी कार्यमा सिमित रहेको छ।

सरकारबाट कार्यान्वयनमा ल्याइएका आवधिक योजनाहरू मध्ये सातौं योजनादेखि सरकारी मुद्रणको बारेमा उल्लेख गरेको भए तापनि अन्तर्राष्ट्रिय अभ्यास र राष्ट्रिय आवश्यकताको हिसाबले समेत एउटा स्वतन्त्र सार्वभौम मुलुकका लागि सरकारको मातहतमा एक साधन

सम्पन्न सुरक्षण मुद्रणालय अति आवश्यक महशुस गरी आठौ आवधिक योजनादेखि मुद्रण विभागलाई सुरक्षण मुद्रणालयको रूपमा विकास गर्ने र नेपालमै सुरक्षण मुद्रणका कार्यहरू गरी सुरक्षण मुद्रणमा मुलुकलाई आत्मनिर्भर बनाउने कुरालाई प्राथमिकतामा साथ समावेश गरियो। नेपाल सरकारका आवधिक योजनाले मुद्रण क्षेत्रमा लिएका योजना तथा नीतिलाई पछिल्लो परिच्छेदमा उल्लेख गरिएको।

नेपालको संविधानको अनुसूची-५ संघको एकल अधिकार सूची अन्तर्गत क्र. सं. ३१ मा सुरक्षित छापाखानाको प्रावधान राखिएको छ। त्यसैगरी नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची १ क्र.सं. १९ मा रहेको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको कार्य विभाजनको बुँदा नं. १८ मा नेपाल राजपत्रको मुद्रण, वितरण तथा अभिलेख सम्बन्धी व्यवस्था रहेको र सो कार्य हाल मन्त्रालय मातहत रहेको यस मुद्रण विभागले गर्दै आएको।

## १.२ विभागको स्वरूप र प्रकृति

मुद्रण विभाग सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गत नेपाल सरकारको आधिकारिक छापाखानाको रूपमा मुद्रण सम्बन्धी कार्य गर्ने केन्द्रीयस्तरको निकाय हो। नेपाल सरकारका निणर्यहरू सर्वसाधारण नागरिकसम्म पुऱ्याउन राजपत्र मुद्रित गर्ने सरकारी निकाय मुद्रण विभाग नेपाल सरकारको आधिकारिक निकाय हो। मुद्रण विभागले ऐन, नियमहरू लगायत अन्य सरकारी निर्णयहरू राजपत्रको रूपमा नियमित प्रकाशित गरी नागरिकको सूसुचित हुने अधिकारको प्रत्यभूति गरेको छ।

सरकारको बजेट वक्तव्य, आय व्यय विवरण, आर्थिक सर्वेक्षण, आर्थिक विधेयक, नेपाली नागरिकताको प्रमाणपत्र, विभिन्न विश्वविद्यालयको प्रश्नपत्र, शैक्षिक उपाधि प्रमाणपत्र, राजस्व रसिदहरू, विभिन्न संवैधानिक निकायका वार्षिक प्रतिवेदन, राष्ट्र प्रमुखहरूको गोप्य कार्यक्रम तालिकाहरू छपाइ गर्नुका साथै सरकारी, अर्धसरकारी निकायहरूबाट अनुरोध भई आउने छपाइ सामग्रीहरूलाई तोकिएको समयमा गुणस्तरीय सेवा उपलब्ध गराउँदै आएको छ। अर्कोतर्फ विभिन्न निकायहरूलाई छपाइसम्बन्धी राय सुझाव सल्लाह तथा मुद्रण प्रविधिसम्बन्धी विशेषज्ञता सेवा उपलब्ध गराउँदै आएको छ।

## १.३ विभागको कार्यक्षेत्र

यस विभागको मुख्य कार्यक्षेत्र भनेको नेपाल राजपत्र प्रकाशन तथा वितरण गर्ने, नेपाल सरकारको बजेटलगायतका गोप्य र संवेदनशील दस्तावेजहरू छपाइ गर्ने एवं नेपाल सरकार तथा सबै सरकारी निकायका आवश्यक सामग्रीहरू छपाइ गर्ने रहेको छ। यसका अलावा मुद्रण सेवा सञ्चालन तथा व्यवस्थापन, अन्य सुरक्षित मुद्रणसम्बन्धी कार्य लगायत मुद्रण सम्बन्धी परामर्श सेवा दिँदै आएको छ।

## १.४ विभागबाट हाल सम्पादन भइरहेका मुख्य मुख्य कार्यहरू

विभागबाट हाल देहायका कामहरू सम्पादन हुँदै आएका छन्:

१. **राजपत्र (Nepal Gazette) प्रकाशन :-** नेपाल सरकारको औपचारिक सूचना, आदेश, ऐन, नियमावली आदि प्रकाशन, वितरण तथा अभिलेखीकरण गर्ने गरेको।

२. **सरकारी कागजात छपाइ :-** नेपाल सरकारको बजेट भाषण तथा बजेटसंग सम्बन्धित विवरण, विधेयक तथा प्रतिवेदन, वार्षिक कार्यक्रम, नीति तथा कार्यक्रम, योजना आदि तोकिएकै समयमा छपाइ गर्ने गरेको।

३. **अन्य सरकारी मुद्रण कार्य :-** नेपाल सरकारका विभिन्न निकाय तथा अन्य संगठित संघसंस्थाको अनुरोधमा भए बमोजिमका विभिन्न छपाइ सम्बन्धी कार्यहरू। जस्तै नेपाली नागरिकताको प्रमाण-पत्र, राज्य सुविधा परिचय-पत्र, सवारी दर्ता प्रमाण-पत्र, नेपाल टेलिकमको रिचार्ज कार्ड, विभिन्न अध्ययन तथा वार्षिक प्रतिवेदन, आन्तरिक प्रयोजनका कार्यालय फाराम, प्रमाण-पत्र आदि छपाइ गर्दै आएको।

४. **राजपत्र अनलाइन व्यवस्थापन :-** मुद्रण विभागको राजपत्र व्यवस्थापन सम्बन्धी वेबसाइट http://rajpatra.dop.gov.np मार्फत अनलाइन राजपत्र प्रकाशन र अभिलेख राख्ने गरिएको।

५. **राय परामर्श सेवा :-** मुद्रणसम्बन्धी विभिन्न सरकारी निकायहरूलाई राय परामर्श सेवा उपलब्ध गराउने गरेको।

## १.५ मुख्य उद्देश्यहरू

- नेपाल राजपत्रको प्रकाशन, अभिलेख तथा वितरणलाई व्यवस्थित बनाउने।
- नेपाल सरकारको बजेट तथा अन्य संवेदनशील तथा गोप्य छपाइ कार्य गर्ने।
- मुद्रणसँग सम्बन्धित मापदण्ड तयार गर्ने।
- मुद्रणसँग सम्बन्धित राय परामर्श सेवा प्रदान गर्ने।
- मुद्रण कार्यका लागि अन्य मुद्रण निकायसँग समन्वय र सहकार्य गर्ने।

## १.६ विभागको वर्तमान स्वीकृत संगठनात्मक संरचना :




## १.७ विभागको वर्तमान स्वीकृत दरबन्दी तेरिज :

मुद्रण विभागको स्वीकृत दरबन्दी तेरिज देहाय बमोजिम रहेको छ।

| क्र. सं. | पदको नाम | श्रेणी | सेवा | समूह/ उपसमूह | मौजुदा दरबन्दी | थप | घट | स्वीकृत दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | महानिर्देशक | रा.प. प्रथम | प्रशासन | सामान्य प्रशासन | १ | ० | ० | १ | |
| २. | निर्देशक | रा.प.द्वितीय | प्रशासन | सामान्य प्रशासन | १ | ० | ० | १ | |
| ३. | वरिष्ठ मुद्रण अधिकृत | रा.प.द्वितीय | शिक्षा | मुद्रण/मुद्रण व्यवस्थापन | १ | ० | ० | १ | |

| क्र. सं. | पदको नाम | श्रेणी | सेवा | समूह/ उपसमूह | मौजुदा दरबन्दी | थप | घट | स्वीकृत दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ४. | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | २ | ० | ० | २ | |
| ५. | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ | ० | ० | १ | |
| ६. | कम्प्युटर इन्जिनियर | रा.प.तृतीय | विविध | - | ० | १ | ० | १ | |
| ७. | मेकानिकल इन्जिनियर | रा.प.तृतीय | इन्जि. | मेकानिकल इन्जिनियरिङ | १ | ० | ० | १ | |
| ८. | मुद्रण अधिकृत | रा.प.तृतीय | शिक्षा | मुद्रण/मुद्रण व्यवस्थापन | ११ | ० | ५ | ६ | |
| ९. | कला अधिकृत | रा.प.तृतीय | शिक्षा | कला/ चित्रकला | १ | ० | १ | ० | |
| १०. | नायब सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सामान्य प्रशासन | ३ | ० | ० | ३ | |
| ११. | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | १ | ० | १ | ० | |
| १२. | वरिष्ठ मुद्रण सहायक | रा.प.अनं.प्रथम | शिक्षा | मुद्रण/मुद्रण व्यवस्थापन | २८ | ० | ८ | २० | |
| १३. | सिनियर इलेक्ट्रिसियन | रा.प.अनं.प्रथम | इन्जि. | जनरल इलेक्ट्रिकल | १ | ० | ० | १ | |
| १४. | सिनियर मेकानिक्स | रा.प.अनं.प्रथम | शिक्षा | मुद्रण/मुद्रण व्यवस्थापन | १ | ० | ० | १ | |
| १५. | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | | ३ | ० | २ | १ | |
| १६. | पलम्बर | रा.प.अनं.द्वितीय | विविध | | १ | ० | १ | ० | |
| १७. | खरिदार | रा.प.अनं.द्वितीय | प्रशासन | सामान्य प्रशासन | २ | ० | १ | १ | |
| १८. | मुद्रण सहायक | रा.प.अनं.द्वितीय | शिक्षा | मुद्रण/मुद्रण व्यवस्थापन | ३१ | ० | १० | २१ | |
| १९. | हेभी सवारी चालक | श्रेणीबिहीन | नेपाल इन्जिनियरिङ | मे./ज.मे. | १ | ० | ० | १ | |
| २०. | हलुका सवारी चालक | श्रेणीबिहीन | नेपाल इन्जिनियरिङ | मे./ज.मे. | २ | ० | ० | २ | |

| क्र. सं. | पदको नाम | श्रेणी | सेवा | समूह/ उपसमूह | मौजुदा दरबन्दी | थप | घट | स्वीकृत दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| २१. | कार्यालय सहयोगी | श्रेणीबिहीन | नेपाल प्रशासन | सा.प्र. | १५ | ० | ५ | १० | |
| कुल दरबन्दी | | | | | १०८ | १ | ३४ | ७५ | |

## १.८ वर्तमान संरचना अनुसार शाखाहरूको कार्य विवरण

मुद्रण विभागको स्वीकृत संरचनामा महानिर्देशकको निर्देशन तथा नियन्त्रणमा रहने गरी दुईवटा शाखाहरू क्रमशः **प्रशासन शाखा** र **मुद्रण व्यवस्थापन शाखा** रहेका छन्। प्रशासन शाखाको मातहत प्रशासन तथा योजना एकाइ, आर्थिक प्रशासन एकाइ र खरिद तथा भण्डार एकाइ गरी ३ वटा एकाइहरू एवम् मुद्रण व्यवस्थापन शाखाको मातहत राजपत्र प्रकाशन तथा अभिलेख एकाइ, मुद्रण प्रबन्ध एकाइ, राजपत्र वितरण एकाइ, डिजिटल तथा गुण नियन्त्रण एकाइ, सि.टि.पि. तथा प्रेस एकाइ, बाइन्डिङ एकाइ र मेसिन संरक्षण तथा मर्मत एकाइ गरी ७ वटा एकाइहरू रहेका छन्। स्वीकृत संरचना भित्र रहेका विभिन्न शाखा एवम् एकाइका कामहरू **परिच्छेद - तीन**मा उल्लेख गरिएका छन्।

## १.९ नागरिक बडापत्र

यस विभागको नागरिक बडापत्र अनुसूची-५ मा उल्लेख भए बमोजिम रहेको छ।

## १.१० सम्बद्ध ऐन, नियम, नीति, गठन आदेश तथा निर्देशिका, कार्यविधि र अन्य कानूनी व्यवस्था

यस विभागसँग सम्बद्ध ऐन, नियम, नीति, गठन आदेश तथा निर्देशिका, कार्यविधि र अन्य कानूनी व्यवस्था देहायबमोजिम रहेका छन्।

क. निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५०
ख. सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४
ग. सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५
घ. छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८
ङ. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ तथा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७
च. सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४ तथा नियमावली, २०६५
छ. मुद्रण सम्बन्धी नियमहरू, २०५५
ज. नेपाल राजपत्रलाई अद्यावधिक गर्ने र वेबसाइटमार्फत प्रकाशन गर्ने सम्बन्धी कार्यविधि, (पहिलो संशोधन) २०७३
झ. मुद्रण विभागको आन्तरिक नियन्त्रण कार्यप्रणाली, २०७८
ञ. मुद्रण महसुल पुस्तिका, २०८०

## १.११ नीति तथा आवधिक योजनामा मुद्रण सम्बन्धी प्रावधानहरू

नेपाल सरकारको राष्ट्रिय सञ्चार नीति २०४९ ले मुद्रण विभागलाई सुरक्षण मुद्रणालयको रूपमा विकास गर्ने नीति अंगीकार गरेको थियो। आठौं पञ्चवर्षीय योजनाको सुरुवातसँगै यस विभागलाई सुरक्षण मुद्रणालयको रूपमा स्थापना गर्ने उद्देश्य लिई विभागको कार्य प्रक्रिया विकास, विस्तार र सुदृढ गर्दै अगाडि बढाइएको हो। नेपाल सरकारका महत्त्वपूर्ण र गोपनीय सुरक्षण मुद्रण सामग्रीहरूलाई गुणस्तरीय छपाइ गरी नेपाल सरकारको सुरक्षण मुद्रणालयको रूपमा स्थापित गराउने उद्देश्यले नवौं योजनामा उपयुक्त भवन निर्माणको कार्य थालनी गर्ने र दशौं योजनामा भवन सम्पन्न गरी सुरक्षण मुद्रणका लागि आवश्यक केही भौतिक पूर्वाधार तयार गर्ने तथा एघारौं त्रिवर्षीय योजनाले प्रविधि उपकरण र जनशक्ति विकासमा जोड दिने नीति लिइएको थियो भने बाह्रौं त्रिवर्षीय अन्तरिम योजनाले स्तरीय सुरक्षण मुद्रण सेवा देशभित्रै उपलब्ध गराउन यस विभागको सुदृढीकरण र संरचनात्मक परिवर्तन गरी आवश्यक ऐन, नियम, कानुनको तर्जुमा तथा जनशक्ति विकासमा जोड दिने नीति लिइएको थियो। तेह्रौं त्रिवर्षीय योजनाको आधारपत्रमा पनि मुद्रण विभागलाई सुरक्षण मुद्रणालयको रूपमा विकास गर्ने नीति लिई सुरक्षण मुद्रण सेवाका सबै पूर्वाधार तयार गर्ने लक्ष्य निर्धारण गरिएको थियो। यही लक्ष्य पूरा गर्ने सिलसिलामा आ.व. २०७०/०७१ को बजेटमा विभागलाई आधुनिक सुरक्षण मुद्रणसम्बन्धी यन्त्र उपकरण जडान गरी सुरक्षण मुद्रणको कार्य प्रारम्भ गरिने कुरा उल्लेख गरिएको थियो।

मुलुकले अंगिकार गरेको योजनावद्ध विकासको अवधारणा अनुरुप सरकारबाट कार्यान्वयनमा ल्याइएका आवधिक योजनाको अध्ययन गर्दा सातौं योजनादेखि सरकारी मुद्रणको बारेमा उल्लेख गरेको पाइन्छ। यस योजनामा मुद्रण कार्यलाई सुदृढ गर्न, मेशिनरी खरिद तथा भण्डारणको प्रवन्ध गरियो। सुरक्षण मुद्रणको सम्भाव्यता अध्ययन कार्य भयो। यसपछिका आवधिक योजनामा मुद्रणसम्बन्धी भएका मुख्य-मुख्य व्यवस्थाहरू तल उल्लेख गरिएका छन्।

### क) आठौं योजना

- मुद्रण विभाग अवस्थित भवनलाई सुरक्षण छापाखानाको आवश्यकता अनुरूप पुनर्निर्माण गरिनेछ जसमा विस्तार, मर्मत र मर्मतसम्भार कार्यहरू र आवश्यक अन्य कार्यहरू समावेश गर्ने उल्लेख भएको छ।

### ख) नवौं योजना

- हुलाक टिकट, एयरोग्राम, बैंक चेक, यात्री चेक, राहदानी, भिसा, हवाई टिकट र राजस्व रसिद आदि जस्ता सुरक्षण मामिलाहरू छाप्नको लागि मुद्रण विभागको प्रेसलाई सुरक्षण मुद्रण प्रेसको रूपमा विकास गर्ने।

- देशका सबै सुरक्षण मुद्रण कार्यहरू गर्न मुद्रण विभागलाई सुरक्षण मुद्रण प्रेसमा रूपान्तरण गर्न र यसको क्षमता अभिवृद्धि गर्न मुद्रण विभागको भौतिक क्षमता, दक्ष जनशक्ति र आवश्यक पूर्वाधारहरू क्रमशः विकास गर्ने।

**ग) दशौं योजना**

- देशमा सुरक्षण मुद्रण सामग्री छाप्ने क्षमता प्राप्त गर्न आवश्यक पूर्वाधार विकासको एक भागको रूपमा मुद्रण विभागलाई सुरक्षण मुद्रण सामग्री छाप्ने संस्थाको रूपमा विकास गर्ने र सोको लागि उपयुक्त भवन निर्माण गर्ने।
- कागजी नोट छाप्ने बाहेक सुरक्षण मुद्रणसँग सम्बन्धित सबै प्रकारका मुद्रण गतिविधिहरूको लागि देशभित्र अनुकूल वातावरण सिर्जना गरी सुरक्षण मुद्रण प्रेसको विकास गर्ने रणनीति लिएको।
- मुद्रण विभागलाई गुणस्तरीय सेवा प्रदान गर्न र देशभित्र सुरक्षण मुद्रण सामग्री छाप्न सक्षम स्वायत्त र व्यावसायिक संस्थाको रूपमा विकास गर्ने नीति तथा कार्यक्रम राखिएको थियो।
- यस योजनामा सुरक्षण मुद्रण प्रेस योजनाका लागि १९ करोड बजेट प्रक्षेपण गरिएको थियो।

**घ) एघारौं योजना**

- देशभित्र गुणस्तरीय सुरक्षण मुद्रण सेवा उपलब्ध गराउने दीर्घकालीन दृष्टिकोण लिएको यस योजनाले देशभित्र सुरक्षण मुद्रण सुरु गर्ने लक्ष्य लिएको थियो।
- सुरक्षण मुद्रणमा उपलब्ध सेवाहरूको अतिरिक्त थप सेवाहरू प्रदान गर्न प्रविधि, उपकरण र मानव संसाधनको विकासमा जोड दिने रणनीति लिएको थियो।
- सक्षम, व्यावसायिक र स्वायत्त सुरक्षण मुद्रण कार्यालयहरू स्थापना गर्ने, सुरक्षण मुद्रण सम्बन्धी आवश्यक कानूनहरू तर्जुमा गर्ने र सुरक्षण मुद्रण सम्बन्धी आवश्यक मानव विकास सम्बन्धी कार्यक्रमहरू सुरु गर्ने जस्ता कार्यनीति लिएको थियो।
- सुरक्षण मुद्रणको लागि आवश्यक पूर्वाधार निर्माण गर्ने, मेसिन र उपकरणहरू खरिद र स्थापना गर्ने, स्वायत्त सुरक्षण मुद्रण एजेन्सी स्थापना गर्न कानूनहरू तर्जुमा गर्ने तथा आवश्यक मानव संसाधन विकास गर्ने कार्यक्रमहरू राखिएको थियो।
- यस योजनामा सुरक्षण मुद्रण (मुद्रण विभाग) को लागि ४० करोड ७० लाख बजेट प्रक्षेपण गरिएको थियो।

**ङ) बाह्रौं योजना**

- स्तरीय सुरक्षण मुद्रण सेवा देशभित्रै उपलब्ध गराउने दीर्घकालीन सोच र देशभित्रै सुरक्षण मुद्रणको कार्य प्रारम्भ गर्ने रणनीति लिएको थियो।
- योजनाका प्रमुख कार्यनीतिहरूमा मुद्रण विभागलाई सुरक्षण मुद्रणालयको रुपमा विकास गर्न विभागको सुदृढीकरण र संरचनात्मक परिवर्तन गरी आवश्यक ऐन कानून तर्जुमा तथा जनशक्तिको विकास गर्ने रहेको थियो।
- सुरक्षण मुद्रणको विकासः मुलुकभित्रै स्तरीय सुरक्षण मुद्रणको प्रारम्भिक कार्य शुरु गर्ने प्रमुख कार्यक्रमको रुपमा लिएको थियो।

**च) तेह्रौं योजना**

- यस योजनाले सुरक्षण मुद्रण सम्बन्धी सबै पूर्वाधार तयार गरी मुद्रण विभागलाई सुरक्षण मुद्रण मुद्रणालयका रूपमा विकास गर्ने रणनीति लिएको थियो।
- यसमा सुरक्षण मुद्रणका लागि आधुनिक भवन निर्माणको कार्य प्रारम्भ गर्ने, सुरक्षण मुद्रणका सम्बन्धी आवश्यक मेशिन उपकरण खरिद गर्ने, मुद्रण विभागको पुनसंरचना गरी यसको कार्यलाई डिजिटाइज्ड गर्ने जस्ता कार्यनीति रहेका।
- प्रमुख कार्यक्रमका रुपमा मुद्रण विभागलाई सुरक्षण मुद्रणालयको रूपमा विकास गर्न भौतिक पूर्वाधार तयार गरी आवश्यक मेशिनरी उपकरणहरू जडान गर्ने, सुरक्षण मुद्रण सम्बन्धी कानुन तर्जुमा गर्ने र वि.सं. २००८ देखि छपाइ भएका राजपत्रहरूलाई विद्युतीय अभिलेखीकरण गर्दै लैजाने रहेका थिए।

**छ) चौधौं योजना**

- सुरक्षण मुद्रणसम्बन्धी सबै पूर्वाधार तयार गरी मुद्रण विभागलाई सुरक्षण मुद्रणालयका रूपमा विकास गर्ने रणनीति लिएको।
- सुरक्षण मुद्रणसम्बन्धी कार्य स्वदशमै गर्न आवश्यक कानुनी एवम् भौतिक पूर्वाधार र संस्थागत व्यवस्था गरी मुद्रण प्रारम्भ गर्ने कार्यनीति लिएको।
- प्रमुख कार्यक्रम:
    - ✓ सुरक्षण मुद्रणसम्बन्धी कानुनी र संस्थागत आधार तयार गरी राहदानी, अन्तःशुल्क स्टिकर, ऋणपत्र, चेकबुक लगायतका सामग्रीको मुद्रण गर्ने।
    - ✓ नेपाल राजपत्रलाई डिजिटाइजेसन गरी वेबसाइटबाट हेर्न सकिने व्यवस्था मिलाउने।
    - ✓ निजी क्षेत्रका मुद्रणालयको नियमन गर्ने।

**ज) पन्ध्रौं योजना**

- रणनीति तथा कार्यनीतिः

- ✓ सुरक्षण मुद्रण सम्बन्धी आवश्यक नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था गरिनेछ।
- ✓ मानवस्रोतको विकासको साथै भौतिक पूर्वाधारको विकास गरी नेपालमा सुरक्षण मुद्रणको कार्य प्रारम्भ गरिनेछ।

**झ) चालु सोह्रौं योजना**

- ➢ विद्यमान अवस्था
  - ✓ नेपाल सरकारको छापाखानाको रूपमा रहेको मुद्रण विभागलाई सुरक्षण मुद्रणको रूपमा सबलीकरण तथा आधुनिकीकरण गर्ने कार्यको थालनी भएको छ।
- ➢ मुख्य सवाल तथा चुनौती
  - ✓ मुद्रण क्षेत्रको नियमन गर्दै सुरक्षण मुद्रणलाई राष्ट्रिय आवश्यकता पूरा गर्ने गरी व्यवसायिक र प्रतिस्पर्धि बनाउनु।
- ➢ रुपान्तरणकारी रणनीति
  - ✓ मुद्रण क्षेत्रमा आवश्यक जनशक्ति विकास गदै मद्रण व्यवसाय प्रवर्द्धन र नियमनद्वारा अर्थतन्त्रमा योगदान बढाउन मुद्रण क्षेत्रको संस्थागत पुनःसंरचना गर्दै सुरक्षण मद्रणलाई सुरक्षित, भरपर्दो, आत्मनिर्भर, व्यवसायिक र प्रतिस्पर्धि बनाउने।
- ➢ प्रमुख कार्यक्रम
  - ✓ सुरक्षण मुद्रणको व्यवसायिक विकास कार्यक्रमः मुद्रण क्षेत्रको संस्थागत पुनसंरचना गर्दै सुरक्षण मुद्रणलाइ आत्मनिर्भर, व्यवसायिक र प्रतिस्पर्धी बनाउन विद्यमान उपकरणहरूको संरक्षण एवम् सम्भार गरी मद्रण क्षेत्रमा आवश्यक जनशक्ती विकास, नवप्रवर्तनमा आधारित मुद्रण व्यवसाय प्रवर्धन र नियमनद्वारा अर्थतन्त्रमा योगदान वृद्धि गर्ने।
- ➢ आ.व. २०८५/०८६ सम्म एउटा सुरक्षण मुद्रण प्रेस स्थापना गर्ने परिमाणात्मक लक्ष्य लिएको छ।

## १.१२ विभागको वर्तमान अवस्था

**क) भौतिक अवस्था :** विभागको मुख्य भवनको अधिकांश भाग हाल राष्ट्रिय योजना आयोग र केही भाग मुद्रण विभागले संयुक्त रूपमा प्रयोग गर्दै आइरहेका छन्। उक्त भवनमा विभागको राजपत्र प्रकाशन तथा अभिलेखीकरण, सि.टि.पि. मेसिनबाट कम्प्युटर टु प्लेट प्रविधिमार्फत प्लेट तयारी तथा अफसेट प्रेस प्रविधिमा आधारित मेसिनहरूबाट छपाइ हुने, डिजिटल मेसिनबाट गुणस्तरीय छपाइ लगायतका काम कपियर मेसिनबाट हुने छपाइ लगायतका कार्यहरू भईरहेको छन्। साथै यस विभागको अर्को एउटा भवनको अधिकांश भाग शहरी विकास मन्त्रालयले प्रयोग गरिरहेको छ, एक वटा

जस्ताको छाना सहितको भवनमा हाल फोल्डिङ, कटिङ, स्टिचिङ, नम्बरिङ्ग, बाइण्डिङ्ग लगायतका मेसिन राखी बाइण्डिङ्गसँग सम्बन्धित सम्पूर्ण कार्य भईरहेको छ।

**ख) जनशक्ति** : नेपाल सरकारको मिति २०८३/०३/३२ को निर्णयानुसार स्वीकृत नयाँ संगठन संरचना अनुसार कुल दरबन्दी ७५ जना रहेकोमा हाल ८९ जना (७५ जना स्थायी र १४ जना करार सेवामा) कार्यरत रहेका छन्।

**ग) मेसिन तथा उपकरणहरू :**

हाल निम्न मेसिन तथा उपकरणहरूबाट विभागको छपाइकार्य भइरहेको छ।

| | |
|---|---|
| ➢ दुई रंगी अफसेट मेसिन | ३ थान (१ थान बिग्रेको) |
| ➢ एकरङ्गी अफसेट मेसिन | २ थान (२ थान बिग्रेको) |
| ➢ डिजिटल कलर मेसिन (रिको) | १ थान |
| ➢ कपियर मेसिन | ४ थान (१ थान बिग्रेको) |
| ➢ कम्प्युटर टु प्लेट (CTP) मेसिन | २ थान (१ थान-प्रोसेस लेस) |
| ➢ प्रोसेस (प्रि-प्रेस) उपकरणहरू | ३ (पुरानो प्रविधिअनुसार (बिग्रेको)) |
| ➢ फोल्डिङ्ग मेसिन | १ थान |
| ➢ परफेक्ट बाइन्डिङ मेसिन | २ थान |
| ➢ कटिङ्ग मेसिन | ३ थान |
| ➢ स्टिचिङ्ग मेसिन | ४ थान |
| ➢ नम्बरिङ्ग मेसिन | १ थान |
| ➢ पर्फोरेटिङ्ग मेसिन | १ थान |
| ➢ पञ्चिङ डाइकटिङ (साधारण) मेसिन | १ थान |
| ➢ स्पाइरल बाइन्डिङ मेसिन (मेटल, प्लास्टिक) | ३ थान |
| ➢ लेमिनेशन मेसिन | १ थान |
| ➢ तीन टाँके मेसिन | १ थान |
| ➢ प्रेसर मेसिन | १ थान |
| ➢ डिजिटल कलर प्रिन्टर (कोनका मिनल्टा) | १ थान (बिग्रेको) |
| ➢ Colour Printer (Canon) | १ थान |
| ➢ प्याकेजिङ मेसिन | १ थान |
| ➢ UV कोटिङ्ग मेसिन | १ थान |
| ➢ कन्भेयर मेसिन | १ थान |

## १.१३ विभागको दीर्घकालीन सोच

सरकारी मुद्रण सेवालाई विश्वसनीय, छिटोछरितो, गुणस्तरीय र आत्मनिर्भर तुल्याउन विभागलाई व्यावसायिक, प्रतिस्पर्धी र सक्षम मुद्रणालयको रूपमा स्थापित गर्ने।

## १.१४ अवसर र चुनौतीहरू

<u>चुनौती</u>

- ❖ नेपाल राजपत्रको प्रकाशन, अभिलेख तथा वितरणलाई व्यवस्थित बनाउँदै प्रदेश र स्थानीय तहमा समेत सो ज्ञान सिपको विस्तार गर्नु।
- ❖ मुद्रण कार्यको लागि उपयुक्त हुने मापदण्ड सहित तयार भएको मुद्रण विभागको आफ्नो भवन पूर्ण रूपमा उपयोगमा ल्याउनु।
- ❖ छपाइसम्बन्धमा विकसित समायनुकूल प्रविधिको उपयोग गर्दै छपाइ कार्य सम्पन्न गर्नु।
- ❖ अन्य मुद्रण निकायसँग प्रतिस्पर्धा गरी अब्बल मुद्रणालयको रूपमा स्थापित गर्नु।
- ❖ सबै सरकारी निकायको मुद्रणसँग सम्बन्धित काम यस विभागबाट गराउनु।
- ❖ मुद्रणसँग सम्बन्धित मापदण्ड विकास गरी अन्य मुद्रणसँग सम्बन्धित निकायलाई पालना गराउनु।
- ❖ कामको प्रकृतिअनुसारको दक्ष, सीपयुक्त जनशक्ति विकास गर्नु।

<u>अवसर</u>

- ❖ छपाइसँग सम्बन्धित अत्याधुनिक मेसिन उपकरणहरू रहेको।
- ❖ सिंहदरबारभित्र ३० रोपनी जग्गामा सुविधासम्पन्न मुद्रणमैत्री भवन सहितको पूर्वाधार हुनु।
- ❖ छपाइसँग सम्बन्धित कामका लागि दक्ष, अनुभवी कर्मचारीहरूको वाहुल्यता।
- ❖ सरकारी निकायहरूको मुद्रणसँग सम्बन्धित कामको लागि वृहत कार्यक्षेत्र रहेको।
- ❖ सबै सरकारी निकायको छपाइकार्य मुद्रण विभागबाटै सम्पादन गर्ने गरी नीतिगत निर्णयबाट कार्यक्षेत्र दिगो रूपमा विस्तार हुने।

## १.१५ प्रमुख समस्या र समाधानका लागि गरिएका प्रयासहरू

<u>कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या</u>

- ❖ बजेटको सिमितताले गर्दा विभागमा छपाइको लागि अनुरोध भई आएका सबै काम गर्न नसकिएको।
- ❖ मुद्रणसम्बन्धी नविनतम् प्रविधि भित्र्याउन र भएको प्रविधिको उच्चतम प्रयोग गर्ने जनशक्तिको कमी।
- ❖ मेसिन उपकरणहरू संचालनका क्रममा आउने जोखिम व्यवस्थापनको लागि उपयुक्त व्यावसायिक स्वास्थ्य सुरक्षाको प्रबन्ध गर्न नसकिनु।
- ❖ आफ्नै भवनको पूर्ण उपयोग गर्न नपाउँदा कार्यालयमा स्थान व्यवस्थापन एवं सुरक्षित छपाइ कार्यमा वाधा हुने अवस्था।
- ❖ पुराना उपकरणहरूको नियमित मर्मत सम्भार एवं व्यवस्थापनको लागि दक्ष जनशक्ति र बजेटको कमी।

<u>समाधानका लागि गरिएका प्रयासहरू</u>

- ❖ सूचना तथा सञ्चार मन्त्रालय र अर्थ मन्त्रालयसँग आवश्यक समन्वय गरिएको।
- ❖ विभागको आफ्नो भवन प्रयोगको लागि नियमित मन्त्रालयलाई जानकारी गराइएको।
- ❖ मेसिनरी उपकरणहरू समय समयमा मर्मत गर्ने एवं पार्टपूर्जाहरू आवश्यकतानुसार खरिद गरिएको।
- ❖ प्रयोगमा ल्याउन नसकिने सामग्रीको लिलाम प्रक्रिया समय-समयमा अघि बढाइएको।
- ❖ कर्मचारीलाई उत्प्रेरित गर्न उपलब्ध सुविधाको न्यायोचित वितरण गरिएको।

## १.१६ आ.व. २०८२/०८३ को मुख्य मुख्य उपलब्धी

आ.व. २०८२/०८३ मा विभागबाट सम्पादन भएका मुख्य मुख्य कार्यक्रम तथा उपलब्धि यस प्रकार रहेका छन्।

१. आ.व. २०८२/०८३ मा नेपाल राजपत्रको नियमित संख्या ७६ वटा र अतिरिक्ताङ्क १०६ वटा प्रकाशन गरिएको छ।

२. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको राज्य सुविधा परिचय-पत्र छपाइ अन्तर्गत अति गरिब (रातो रङ), मध्यम गरिब (पहेंलो रङ) र सामान्य गरिब (निलो रङ) का जम्मा ९७,७२१ थान परिचय-पत्र छपाइ भएको।

३. गृह मन्त्रालयको २०,००,००० थान नेपाली नागरिकता कार्ड छपाइ भएको।

४. नोटरी पब्लिक परिषद्को लेटरहेड १६,००,००० थान छपाइ भएको।

५. राजपत्र प्रकाशन तथा व्यवस्थापन सम्बन्धी स्वीकृत वार्षिक कार्यक्रम अनुसार चारवटै अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको। पहिलो अन्तर्क्रिया कार्यक्रम श्री जिल्ला प्रशासन कार्यालय, सुर्खेतको सभाहलमा मिति २०८२/०८/०४ मा सम्पन्न भएको, दोस्रो अन्तर्क्रिया कार्यक्रम श्री जिल्ला समन्वय समितिको कार्यालय, लमजुङको सभाहलमा मिति २०८२/१२/१७ मा सम्पन्न भएको, तेस्रो अन्तर्क्रिया कार्यक्रम श्री जिल्ला प्रशासन कार्यालय, ओखलढुङ्गाको सभाहलमा मिति २०८३/०१/३१ मा र चौथो अन्तर्क्रिया कार्यक्रम श्री जिल्ला समन्वय समितिको कार्यालय, खोटाङको सभाहलमा मिति २०८३/०२/०१ मा सम्पन्न भएको।

## १.१७ निष्कर्ष तथा सुझाव

१. मुद्रण विभागलाई Government Publishing House (GPH) का रूपमा विकास गर्ने।

- ❖ नेपाल सरकारको केन्द्रीय निकाय सिंहदरबार भित्र अवस्थित नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयहरू, सूचनाहरू, सबै मन्त्रालयहरूबाट प्रकाशन गर्नुपर्ने सूचनाहरू, प्रगति पुस्तिका, नीतिहरू, योजनाका पुस्तकहरू, बजेट, रातो किताब

आदि सम्पूर्ण वस्तुहरू एकद्वार प्रणाली मार्फत GPH बाट प्रकाशन गर्ने व्यवस्था गर्ने।

- ❖ मुद्रण विभागलाई नेपाल सरकारको केन्द्रिय मुद्रणालय (Government Central Publishing House (GCPH)) का रूपमा विकास गर्ने।

२. सार्वजनिक निकायबाट गरिने सबै प्रकारका छपाइलाई मुद्रण विभागबाट गराउने गरी नेपाल सरकार (मन्त्रिपरिषद्) नीतिगत निर्णय हुन सकेमा मुद्रण विभागको पूर्ण उपयोग भई छपाइ सम्बन्धी केन्द्रीय निकायको रूपमा मुद्रण विभागलाई स्थापित गर्न सकिने।

३. मुद्रण विभागलाई मुद्रण सम्बन्धी कार्यहरूको गुणस्तर (Quality) सम्बन्धी नियामकीय निकायको रूपमा सुदृढीकरण गर्ने।

४. मुद्रण कार्यको अनुसन्धान/अध्ययन (Research & Development) तथा सीप विकास सम्बन्धी निकायका रूपमा आफूलाई रूपान्तरण गर्ने।

❑❑❑

# परिच्छेद - दुई
## राजपत्र प्रकाशन तथा वितरण

### २.१ प्रकाशन

नेपाल राजपत्र नेपाल सरकारको आधिकारिक प्रकाशन हो। मन्त्रिपरिषद्‌बाट जारी गरिने सम्पूर्ण सूचना, ऐन, नियम, अध्यादेश तथा सरकारी निणर्यहरूको प्रकाशन राजपत्रमा गरिन्छ। विभिन्न प्रकारका महत्त्वपूर्ण सरकारी निणर्यहरूलाई वैधानिकता दिने सरकारी पत्र नेपाल राजपत्र वि.सं. २००८ सालदेखि हालसम्म मुद्रण विभागले प्रकाशन गरी आमजनसमुदायलाई सूचनाको हकसम्बन्धी अधिकार प्रदान गर्दै आइरहेको छ। राजपत्र निम्न बमोजिम ६ भागमा प्रकाशन हुँदै आएको छ।

### २.२ भागहरू

राजपत्रमा प्रकाशन हुने सामग्रीहरूको महत्त्व र गाम्भीर्यतालाई दृष्टिगत गरी नेपाल राजपत्रलाई निम्न लिखित छ भागमा विभाजन गरिएको छ।

१. **भाग १** - यस भागमा संविधान वा संविधान सरहको घोषणा पत्रहरूको प्रकाशन गरिन्छ।

२. **भाग २** - यसमा व्यवस्थापिका संसद्‌बाट पारित भई राष्ट्रपतिबाट प्रमाणीकरण भएका ऐन तथा अध्यादेशहरू प्रकाशन गरिन्छ।

| १२१. | अर्थ मन्त्रालय | ७५ | संख्या | ७४ | २०८२/१२/३० | राजस्व छुट सम्बन्धी सूचना |
| १२२. | अर्थ मन्त्रालय | ७६ | संख्या | १ | २०८३/०१/०३ | राजस्व छुट सम्बन्धी सूचना |
| १२३. | अर्थ मन्त्रालय | ७६ | संख्या | २ | २०८३/०१/०७ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (तेस्रो संशोधन) नियमावली, २०८३ |
| १२४. | अर्थ मन्त्रालय | ७६ | संख्या | २ | २०८३/०१/०७ | अन्तःशुल्क अधिकृत र निजको अधिकार क्षेत्र तोक्ने सम्बन्धी सूचना |
| १२५. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ७६ | संख्या | २ | २०८३/०१/०७ | इन्जिनियरिङ विषयको शैक्षिक योग्यता वा उपाधिलाई मान्यता प्रदान सम्बन्धी सूचना |
| १२६. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ७६ | संख्या | ३ | २०८३/०१/१० | नेपाल पर्यटन, होटल तथा पर्वतीय प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०८३ |
| १२७. | रक्षा मन्त्रालय | ७६ | संख्या | ३ | २०८३/०१/१० | राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) (छैटौं संशोधन) आदेश, २०८३ |
| १२८. | वन तथा वातावरण मन्त्रालय | ७६ | संख्या | ३ | २०८३/०१/१० | औद्योगिक फर्नेसबाट निष्कासन हुने धुवाँ तथा चिम्नीको उचाई सम्बन्धी मापदण्ड, २०८२ |
| १२९. | वन तथा वातावरण मन्त्रालय | ७६ | संख्या | ३ | २०८३/०१/१० | उद्योग प्रतिष्ठानहरूमा निष्कासन हुने धुवाँ तथा चिम्नीको उचाई सम्बन्धी मापदण्ड, २०८२ |
| १३०. | वन तथा वातावरण मन्त्रालय | ७६ | संख्या | ३ | २०८३/०१/१० | ईंटा उद्योगबाट उत्सर्जन हुने धुवाँ, चिम्नीको उचाई सञ्चालन सम्बन्धी मापदण्ड, २०८२ |
| १३१. | वन तथा वातावरण मन्त्रालय | ७६ | संख्या | ३ | २०८३/०१/१० | वायु गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ |
| १३२. | वन तथा वातावरण मन्त्रालय | ७६ | संख्या | ३ | २०८३/०१/१० | सिमेन्ट उद्योगबाट उत्सर्जन हुने धुलो, धुँवा तथा चिम्नीको उचाई सम्बन्धी मापदण्ड, २०८२ |
| १३३. | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ७६ | संख्या | ३ | २०८३/०१/१० | गुन्द्रुकको गुणस्तर मापदण्ड सम्बन्धी सूचना |
| १३४. | शहरी विकास मन्त्रालय | ७६ | संख्या | ३ | २०८३/०१/१० | आदेश जारी गरेको सम्बन्धी सूचना |

## मुद्रण विभाग, सिंहदरबार, काठमाडौं

| क्र.सं. | निकाय | खण्ड | राजपत्रको प्रकार | अङ्क | मिति | विवरण |
|---|---|---|---|---|---|---|
| १३५. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ७६ | संख्या | ४ | २०८३/०१/१७ | रकमान्तर तथा थप वजेट व्यवस्थापन |
| १३६. | अर्थ मन्त्रालय | ७६ | संख्या | ५ | २०८३/०१/२१ | भन्सार नियमावली, २०८३ |
| १३७. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७६ | संख्या | ६ | २०८३/०१/२८ | सुशासन (व्यवस्थापन तथा सञ्चालन) (चौथो संशोधन) नियमावली, २०८३ |
| १३८. | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | ७६ | संख्या | ६ | २०८३/०१/२८ | नेपाल मेडिकल काउन्सिल (छैटौं संशोधन) नियमावली २०८३ |
| १३९. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७६ | संख्या | ६ | २०८३/०१/२८ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट अनुसन्धान हुने कसुरको अभियोजन सम्बन्धी |
| १४०. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ७६ | संख्या | ६ | २०८३/०१/२८ | हिमाल आरोहण गर्दा लाग्ने दस्तुर छुट सम्बन्धी |
| १४१. | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | ७६ | संख्या | ६ | २०८३/०१/२८ | नेपाल मेडिकल काउन्सिलको उपाध्यक्ष र सदस्य पदमा निर्वाचित नामावली |
| १४२. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ७६ | संख्या | ७ | २०८३/०१/३१ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग (चौथो संशोधन) नियमावली, २०८३ |
| १४३. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ७६ | संख्या | ७ | २०८३/०१/३१ | नेपाल इन्जिनियरिङ सेवा (पहिलो संशोधन) नियमहरू, २०८३ |
| १४४. | अर्थ मन्त्रालय | ७६ | संख्या | ७ | २०८३/०१/३१ | कर छुट सम्बन्धी सूचना |
| १४५. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७६ | संख्या | ८ | २०८३/०२/०७ | ई-गभर्नेन्स बोर्ड (गठन तथा सञ्चालन) (दोस्रो संशोधन) आदेश, २०८३ |
| १४६. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७६ | संख्या | ८ | २०८३/०२/०७ | सुरक्षण मुद्रण केन्द्रलाई निजीक्षेत्रसँग प्रतिष्पर्धा गरी व्यापारिक कारोबार गर्ने सम्बन्धी |
| १४७. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ७६ | संख्या | ८ | २०८३/०२/०७ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूल सुधार सम्बन्धी |
| १४८. | पूर्वाधार विकास मन्त्रालय | ७६ | संख्या | ९ | २०८३/०२/११ | इन्जिनियरिङ विषयहरू थप गरिएको सूचना |

| क्र.सं. | निकाय | खण्ड | राजपत्रको प्रकार | अङ्क | मिति | विवरण |
|---|---|---|---|---|---|---|
| १४९. | महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | ७६ | संख्या | ९ | २०८३/०२/११ | बालबालिका सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०८३ |
| १५०. | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ७६ | संख्या | ९ | २०८३/०२/११ | भूमि सम्बन्धी (एक्काइसौं संशोधन) नियमहरू, २०८३ |
| १५१. | अर्थ मन्त्रालय | ७६ | संख्या | ९ | २०८३/०२/११ | राजस्व छुट सम्बन्धी सूचना |
| १५२. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ७६ | संख्या | १० | २०८३/०२/१८ | तारागाउँ विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८३ |
| १५३. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ७६ | संख्या | १० | २०८३/०२/१८ | देवघाट क्षेत्र विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०८३ |
| १५४. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ७६ | संख्या | १० | २०८३/०२/१८ | बौद्धनाथ क्षेत्र विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०८३ |
| १५५. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ७६ | संख्या | १० | २०८३/०२/१८ | पाटन संग्रहालय विकास समिति (गठन) (तेस्रो संशोधन) आदेश, २०८३ |
| १५६. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ७६ | संख्या | १० | २०८३/०२/१८ | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८३ |
| १५७. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ७६ | संख्या | १० | २०८३/०२/१८ | हनुमानढोका दरवार संग्रहालय विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०८३ |
| १५८. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ७६ | संख्या | १० | २०८३/०२/१८ | नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०८३ |
| १५९. | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | ७६ | संख्या | १० | २०८३/०२/१८ | स्वास्थ्य सेवा नियमावलीको अनुसूचीमा हेरफेर |
| १६०. | रक्षा मन्त्रालय | ७६ | संख्या | ११ | २०८३/०२/२१ | सैनिक सेवा (छैटौं संशोधन) नियमावली,२०८३ |
| १६१. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ७६ | संख्या | ११ | २०८३/०२/२१ | प्रत्यायन नियमावली, २०८३ |
| १६२. | गृह मन्त्रालय | ७६ | संख्या | १२ | २०८३/०२/२५ | आवश्यक सेवामा हड्ताल गर्न निषेध गर्ने सम्बन्धी सूचना |

| क्र.सं. | निकाय | खण्ड | राजपत्रको प्रकार | अङ्क | मिति | विवरण |
|---|---|---|---|---|---|---|
| १६३. | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ७६ | संख्या | १३ | २०८३/०२/२८ | मालपोत (नवौं संशोधन) नियमावली, २०८३ |
| १६४. | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ७६ | संख्या | १३ | २०८३/०२/२८ | जग्गा (नाप जाँच) (दोस्रो संशोधन) नियमावली, २०८३ |
| १६५. | महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | ७६ | संख्या | १३ | २०८३/०२/२८ | बाधा अडकाउ हटाउने आदेश जारी गरेको सूचना |
| १६६. | सूचना तथा सञ्चार मन्त्रालय | ७६ | संख्या | १४ | २०८३/०३/०१ | राष्ट्रिय प्रसारण नियमावली, २०५२ को अनुसूचीमा हेरफेर तथा थपघट सम्बन्धी सूचना |
| १६७. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७६ | संख्या | १५ | २०८३/०३/०४ | सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूचीमा हेरफेर गरिएको सम्बन्धी सूचना |
| १६८. | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ७६ | संख्या | १५ | २०८३/०३/०४ | स्थानीय तहबाट प्रवाह हुने सेवाको गुणस्तर प्रमाणीकरण मापदण्ड, २०८३ |
| १६९. | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ७६ | संख्या | १५ | २०८३/०३/०४ | गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३ |
| १७०. | निर्वाचन आयोग | ७६ | संख्या | १५ | २०८३/०३/०४ | "जनता समाजवादी पार्टी, नेपाल" नामक राजनीतिक दल कायम गर्ने सम्बन्धी सूचना |
| १७१. | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ७६ | संख्या | १६ | २०८३/०३/११ | सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ खारेज गरिएको सम्बन्धी सूचना |
| १७२. | कृषि, वन तथा पर्यावरण मन्त्रालय | ७६ | संख्या | १६ | २०८३/०३/११ | मकैका वर्णशङ्कर जातको नाम संशोधन गरेको सूचना |

| क्र.सं. | निकाय | खण्ड | राजपत्रको प्रकार | अङ्क | मिति | विवरण |
|---|---|---|---|---|---|---|
| १७३. | निर्वाचन आयोग | ७६ | संख्या | १७ | २०८३/०३/१८ | प्रदेश सभा सदस्य पदमा निर्वाचित भएको घोषणा सम्बन्धी सूचना |
| १७४. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७६ | संख्या | १८ | २०८३/०३/२२ | कृषि, वन तथा पर्यावरण मन्त्रालयको कार्यभार सम्हाल्ने सम्बन्धी सूचना |
| १७५. | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ७६ | संख्या | १९ | २०८३/०३/२५ | निजामती सेवा (सोह्रौं संशोधन) नियमावली, २०८३ |
| १७६. | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ७६ | संख्या | १९ | २०८३/०३/२५ | कमैया श्रम (निषेध गर्ने) सम्बन्धी (पहिलो संशोधन) नियमावली,२०८३ |
| १७७. | परराष्ट्र मन्त्रालय | ७६ | संख्या | १९ | २०८३/०३/२५ | राहदानी नियमावलीको अनुसूचीमा हेरफेर सम्बन्धी |
| १७८. | शिक्षा तथा खेलकुद मन्त्रालय | ७६ | संख्या | १९ | २०८३/०३/२५ | शिक्षा (दशौं संशोधन) नियमावली, २०८३ |
| १७९. | शिक्षा तथा खेलकुद मन्त्रालय | ७६ | संख्या | १९ | २०८३/०३/२५ | शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८३ |
| १८०. | शिक्षा तथा खेलकुद मन्त्रालय | ७६ | संख्या | १९ | २०८३/०३/२५ | विदेशी शैक्षिक कार्यक्रम (सञ्चालन र नियमन) नियमावली, २०८३ |
| १८१. | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ७६ | संख्या | १९ | २०८३/०३/२५ | अधिकार प्रत्यायोजन सम्बन्धी |
| १८२. | पूर्वाधार विकास मन्त्रालय | ७६ | संख्या | १९ | २०८३/०३/२५ | बजेट रकमान्तर सम्बन्धी आदेश |
| १८३. | सङ्घीय संसद् सचिवालय | ७६ | संख्या | २० | २०८३/०३/२९ | सङ्घीय संसद् सेवाका राजपत्राङ्कित कर्मचारीहरुको नियुक्ति तथा बढुवा सम्बन्धी |
| १८४. | गृह मन्त्रालय | ७६ | संख्या | २१ | २०८३/०३/३२ | कारागार नियमावली, २०८३ |
| १८५. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७६ | संख्या | २१ | २०८३/०३/३२ | नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८३ |

| क्र.सं. | निकाय | खण्ड | राजपत्रको प्रकार | अङ्क | मिति | विवरण |
|---|---|---|---|---|---|---|
| १८६. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ७६ | संख्या | २१ | २०८३/०३/३२ | अमान्य र बदर हुने फैसला सम्बन्धी |
| १८७. | पूर्वाधार विकास मन्त्रालय | ७६ | संख्या | २१ | २०८३/०३/३२ | अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समितिको म्याद थप |
| १८८. | शिक्षा तथा खेलकुद मन्त्रालय | ७६ | संख्या | २१ | २०८३/०३/३२ | शिक्षा तथा खेलकुद मन्त्रालयको भूल सुधार |

### ३.२.२.२ वि.सं. २०८२ साल साउन १ गतेदेखि वि.सं. २०८३ साल असार मसान्तसम्ममा प्रकाशित राजपत्रका अतिरिक्ताङ्कहरूको विवरण

| क्र.सं. | निकाय | खण्ड | राजपत्रको प्रकार | अंक | मिति | विवरण |
|---|---|---|---|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७५ | अतिरिक्ताङ्क | १७ | २०८२/०३/२२ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको कार्यभार सम्हाल्ने सम्बन्धी |
| २. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७५ | अतिरिक्ताङ्क | १८ | २०८२/०३/२३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको कार्यभार सम्हाल्ने सम्बन्धी |
| ३. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७५ | अतिरिक्ताङ्क | १९ | २०८२/०३/२७ | भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयको कार्यभार सम्हाल्ने सम्बन्धी |
| ४. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ७५ | अतिरिक्ताङ्क | २० | २०८२/०३/२९ | कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कार्यभार सम्हाल्ने सम्बन्धी |
| ५. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ७५ | अतिरिक्ताङ्क | २१ | २०८२/०४/१४ | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८२ |
| ६. | राष्ट्रपतिको कार्यालय | ७५ | अतिरिक्ताङ्क | २०(क) | २०८२/०४/०१ | प्राकृतिक स्रोत तथा वित्त आयोगको सदस्य पदबाट राजीनामा सम्बन्धी |
| ७. | राष्ट्रपतिको कार्यालय | ७५ | अतिरिक्ताङ्क | २०(ख) | २०८२/०४/०१ | आवासीय र गैरआवासीय राजदूत नियुक्ति सम्बन्धी |
| ८. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७५ | अतिरिक्ताङ्क | २०(ग) | २०८२/०४/११ | कृषि र वन मन्त्रालयको कार्यभार सम्हाल्ने सम्बन्धी सूचना |
| ९. | राष्ट्रपतिको कार्यालय | ७५ | अतिरिक्ताङ्क | २२ | २०८२/०४/१८ | प्रधानमन्त्रीको कार्यभार उपप्रधानमन्त्री एवं शहरी विकास मन्त्रीले सम्हाल्ने |

| क्र.सं. | निकाय | खण्ड | राजपत्रको प्रकार | अंक | मिति | विवरण |
|---|---|---|---|---|---|---|
| १०. | निर्वाचन आयोग | ७५ | अतिरिक्ताङ्क | २३ | २०८२/०५/०२ | राजनीतिक दलको नामावली तथा चुनाव चिन्ह सम्बन्धी |
| ११. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७५ | अतिरिक्ताङ्क | २०(अ) | २०८२/०४/०७ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको कार्यभार सम्हाल्ने सम्बन्धी |
| १२. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७५ | अतिरिक्ताङ्क | २०(आ) | २०८२/०४/०९ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको कार्यभार सम्हाल्ने सम्बन्धी |
| १३. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७५ | अतिरिक्ताङ्क | २२(क) | २०८२/०४/२६ | बाधा अड्काउ फुकाउ आदेश सम्बन्धी |
| १४. | अर्थ मन्त्रालय | ७५ | अतिरिक्ताङ्क | २४ | २०८२/०५/०२ | महसुल तथा करको दर घटाउने बढाउने र छुट दिने सूचना |
| १५. | निर्वाचन आयोग | ७५ | अतिरिक्ताङ्क | २५ | २०८२/०५/१३ | प्रदेश सभा सदस्य निर्वाचन मिति तोकेको सम्बन्धी सूचना |
| १६. | गृह मन्त्रालय | ७५ | अतिरिक्ताङ्क | २६ | २०८२/०५/३१ | सामाजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली, २०८२ |
| १७. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ७५ | अतिरिक्ताङ्क | २७ | २०८२/०६/०५ | नेपाल नागरिकता (दोस्रो संशोधन) ऐन, २०८२ |
| १८. | गृह मन्त्रालय | ७५ | अतिरिक्ताङ्क | २८ | २०८२/०६/०५ | जाँचबुझ आयोग गठन सम्बन्धी सूचना |
| १९. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ७५ | अतिरिक्ताङ्क | २९ | २०८२/०६/०८ | मतदाता नामावली (पहिलो संशोधन) अध्यादेश, २०८२ |
| २०. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ७५ | अतिरिक्ताङ्क | २५(क) | २०८२/०५/२२ | भन्सार ऐन, २०८२ |
| २१. | राष्ट्रपतिको कार्यालय | ७५ | अतिरिक्ताङ्क | २५(ख) | २०८२/०५/२४ | प्रधानमन्त्री पदबाट लिखित राजीनामा दिनु भएको सम्बन्धी सूचना |
| २२. | राष्ट्रपतिको कार्यालय | ७५ | अतिरिक्ताङ्क | २५(ग) | २०८२/०५/२७ | प्रतिनिधि सभा विघटन सम्बन्धी सूचना |
| २३. | राष्ट्रपतिको कार्यालय | ७५ | अतिरिक्ताङ्क | २५(घ) | २०८२/०५/२७ | प्रधानमन्त्री नियुक्ति सम्बन्धी सूचना |
| २४. | राष्ट्रपतिको कार्यालय | ७५ | अतिरिक्ताङ्क | २०(घ) | २०८२/०४/१२ | केन्या गैरआवासीय राजदूत सम्बन्धी सूचना |

| क्र.सं. | निकाय | खण्ड | राजपत्रको प्रकार | अंक | मिति | विवरण |
|---|---|---|---|---|---|---|
| २५. | राष्ट्रपतिको कार्यालय | ७५ | अतिरिक्ताङ्क | २५(अ) | २०८२/०५/१३ | सर्बिया गैरआवासीय राजदूत सूचना |
| २६. | राष्ट्रपतिको कार्यालय | ७५ | अतिरिक्ताङ्क | २५(क+१) | २०८२/०५/२२ | थारू आयोगको सदस्य पदबाट राजीनामा दिएको सम्बन्धी सूचना |
| २७. | राष्ट्रपतिको कार्यालय | ७५ | अतिरिक्ताङ्क | २५(घ+१) | २०८२/०५/२९ | मधेशी आयोगको सदस्य पदबाट राजीनामा दिएको सम्बन्धी सूचना |
| २८. | राष्ट्रपतिको कार्यालय | ७५ | अतिरिक्ताङ्क | २५(घ+२) | २०८२/०५/२९ | मानव अधिकार आयोग सदस्य पदबाट राजीनामा दिएको सम्बन्धी सूचना |
| २९. | राष्ट्रपतिको कार्यालय | ७५ | अतिरिक्ताङ्क | २५(घ+३) | २०८२/०५/२९ | महान्यायाधिवक्ता नियुक्ति सम्बन्धी सूचना |
| ३०. | राष्ट्रपतिको कार्यालय | ७५ | अतिरिक्ताङ्क | २५(घ+४) | २०८२/०५/२९ | मन्त्रिपरिषद् गठन सम्बन्धी सूचना |
| ३१. | राष्ट्रपतिको कार्यालय | ७५ | अतिरिक्ताङ्क | २८(क) | २०८२/०६/०६ | मन्त्रिपरिषद् गठन सम्बन्धी सूचना |
| ३२. | संघीय संसद सचिवालय | ७५ | अतिरिक्ताङ्क | २६(क) | २०८२/०५/३१ | राष्ट्रिय सभाको चालु अधिवेशन अन्त्य सम्बन्धी सूचना |
| ३३. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७५ | अतिरिक्ताङ्क | ३० | २०८२/०६/०९ | नेपाल सरकार (कार्य विभाजन) (तेस्रो संशोधन) नियमावली, २०८२ |
| ३४. | राष्ट्रपतिको कार्यालय | ७५ | अतिरिक्ताङ्क | ३१ | २०८२/०७/०९ | मन्त्रिपरिषद् गठन सम्बन्धी सूचना |
| ३५. | गृह मन्त्रालय | ७५ | अतिरिक्ताङ्क | ३२ | २०८२/०७/१७ | शहीद घोषणा गरेको सूचना |
| ३६. | गृह मन्त्रालय | ७५ | अतिरिक्ताङ्क | ३३ | २०८२/०७/२४ | जाँचबुझ आयोगमा थप कर्मचारी व्यवस्थापन गर्ने सूचना |
| ३७. | राष्ट्रपतिको कार्यालय | ७५ | अतिरिक्ताङ्क | ३१(क) | २०८२/०७/१६ | राष्ट्रपतिको कार्यभार सम्हाल्ने सम्बन्धी सूचना |
| ३८. | राष्ट्रपतिको कार्यालय | ७५ | अतिरिक्ताङ्क | ३४ | २०८२/०७/२५ | प्रदेश प्रमुख पदमुक्त र नियुक्ति सम्बन्धी सूचना |
| ३९. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ७५ | अतिरिक्ताङ्क | ३५ | २०८२/०८/०५ | नेपाल विशेष सेवा (दोस्रो संशोधन) अध्यादेश, २०८२ |
| ४०. | निर्वाचन आयोग | ७५ | अतिरिक्ताङ्क | ३४(क) | २०८२/०७/३० | निर्वाचन कार्यक्रम निर्धारण गरिएको सूचना |

| क्र.सं. | निकाय | खण्ड | राजपत्रको प्रकार | अंक | मिति | विवरण |
|---|---|---|---|---|---|---|
| ४१. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७५ | अतिरिक्ताङ्क | ३६ | २०८२/०८/२५ | जेन-जी जनआन्दोलनका प्रतिनिधि र नेपाल सरकारबीच भएको सम्झौता |
| ४२. | राष्ट्रपतिको कार्यालय | ७५ | अतिरिक्ताङ्क | ३५(क) | २०८२/०८/१६ | डेनमार्क र नर्वे अधिराज्यका लागि गैरआवासीय नेपाली राजदूत नियुक्त |
| ४३. | निर्वाचन आयोग | ७५ | अतिरिक्ताङ्क | ३५(ख) | २०८२/०८/२० | प्रतिनिधिसभा निर्वाचनका लागि दल र निर्वाचन चिन्ह प्रदान सम्बन्धी सूचना |
| ४४. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ७५ | अतिरिक्ताङ्क | ३७ | २०८२/०९/०४ | प्रतिनिधि सभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२ |
| ४५. | गृह मन्त्रालय | ७५ | अतिरिक्ताङ्क | ३८ | २०८२/०९/०४ | जाँचबुझ आयोगको म्याद एक महिना थप सम्बन्धी सूचना |
| ४६. | राष्ट्रपतिको कार्यालय | ७५ | अतिरिक्ताङ्क | ३६(क) | २०८२/०८/२६ | मन्त्रिपरिषद गठन सम्बन्धी सूचना |
| ४७. | निर्वाचन आयोग | ७५ | अतिरिक्ताङ्क | ३९ | २०८२/०९/१२ | निर्वाचन आचारसंहिता, २०८२ |
| ४८. | राष्ट्रपतिको कार्यालय | ७५ | अतिरिक्ताङ्क | ३८(क) | २०८२/०९/११ | मन्त्रिपरिषद् गठन सम्बन्धी सूचना |
| ४९. | संघीय संसद सचिवालय | ७५ | अतिरिक्ताङ्क | ४० | २०८२/०९/२८ | संघीय संसदको राष्ट्रिय सभाको अधिवेशन आह्वान सम्बन्धी |
| ५०. | गृह मन्त्रालय | ७५ | अतिरिक्ताङ्क | ४१ | २०८२/१०/०८ | जाँचबुझ आयोगको म्याद थप गरेको सूचना |
| ५१. | निर्वाचन आयोग | ७५ | अतिरिक्ताङ्क | ४०(क) | २०८२/१०/०४ | आचारसंहिता लागू भएको सम्बन्धी सूचना |
| ५२. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७५ | अतिरिक्ताङ्क | ३६(ख) | २०८२/०९/०२ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको पदभार सम्हाल्ने सम्बन्धी |
| ५३. | गृह मन्त्रालय | ७५ | अतिरिक्ताङ्क | ४२ | २०८२/१०/२६ | जाँचबुझ आयोगको म्याद थप सम्बन्धी |
| ५४. | राष्ट्रपतिको कार्यालय | ७५ | अतिरिक्ताङ्क | ४१(क) | २०८२/१०/१८ | राष्ट्रपतिबाट सम्पादन हुने कार्य उपराष्ट्रपतिबाट सम्पादन गरिने सम्बन्धी |
| ५५. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७५ | अतिरिक्ताङ्क | ४१(ख) | २०८२/१०/२३ | कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कार्यभार सम्हाल्ने सम्बन्धी |
| ५६. | संघीय संसद सचिवालय | ७५ | अतिरिक्ताङ्क | ४३ | २०८२/११/०१ | राष्ट्रिय सभाको चालु अधिवेशन अन्त्य सम्बन्धी सूचना |

| क्र.सं. | निकाय | खण्ड | राजपत्रको प्रकार | अंक | मिति | विवरण |
|---|---|---|---|---|---|---|
| ५७. | निर्वाचन आयोग | ७५ | अतिरिक्ताङ्क | ४४ | २०८२/१२/०२ | प्रतिनिधि सभामा निर्वाचित सदस्यको नामावलीको सूचना |
| ५८. | राष्ट्रपतिको कार्यालय | ७५ | अतिरिक्ताङ्क | ४५ | २०८२/१२/१३ | प्रधानमन्त्री नियुक्ति र मन्त्रीपरिषद् गठन गरी कार्यविभाजन सम्बन्धी सूचना |
| ५९. | संघीय संसद सचिवालय | ७५ | अतिरिक्ताङ्क | ४६ | २०८२/१२/१६ | अधिवेशन आव्हान गरिएको सम्बन्धी सूचना |
| ६०. | गृह मन्त्रालय | ७५ | अतिरिक्ताङ्क | ४७ | २०८२/१२/२२ | कार्यालय समय परिवर्तन सम्बन्धी सूचना |
| ६१. | अर्थ मन्त्रालय | ७५ | अतिरिक्ताङ्क | ४८ | २०८२/१२/२४ | भन्सार महसूल छुट सम्बन्धी |
| ६२. | राष्ट्रपतिको कार्यालय | ७५ | अतिरिक्ताङ्क | ४७(क) | २०८२/१२/२२ | महान्यायाधिवक्ता पदमा नियुक्ति सम्बन्धी सूचना |
| ६३. | राष्ट्रपतिको कार्यालय | ७५ | अतिरिक्ताङ्क | ४७(ख) | २०८२/१२/२३ | मन्त्रीपरिषद्मा मर्यादाक्रम हेरफेर सम्बन्धी सूचना |
| ६४. | राष्ट्रपतिको कार्यालय | ७५ | अतिरिक्ताङ्क | ४९ | २०८२/१२/२६ | मन्त्रिपरिषद्को कार्यविभाजन हेरफेर सम्बन्धी |
| ६५. | राष्ट्रपतिको कार्यालय | ७५ | अतिरिक्ताङ्क | ५० | २०८२/१२/२७ | मन्त्रिपरिषद्को नियुक्ति, हेरफेर र कार्यविभाजन सम्बन्धी |
| ६६. | संघीय संसद सचिवालय | ७५ | अतिरिक्ताङ्क | ५१ | २०८२/१२/२७ | सङ्घीय संसदको चालु अधिवेशन अन्त्य सम्बन्धी सूचना |
| ६७. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ७६ | अतिरिक्ताङ्क | १ | २०८३/०१/१० | समस्याग्रस्त सहकारी संस्थाका सदस्यको बचत फिर्ता सम्बन्धी कार्यविधि, २०८३ |
| ६८. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७६ | पूर्व अतिरिक्ताङ्क | १ | २०८३/०१/०२ | सम्पत्ति छानविन आयोग २०८३ गठन तथा कार्यसम्पादनको शर्त |
| ६९. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७६ | अतिरिक्ताङ्क | २ | २०८३/०१/१४ | सम्पत्ति छानविन आयोग गठन तथा कार्यसम्पादनको शर्तमा संशोधन |
| ७०. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ७६ | अतिरिक्ताङ्क | ३ | २०८३/०१/१७ | सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३ |
| ७१. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ७६ | अतिरिक्ताङ्क | ४ | २०८३/०१/१७ | सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, २०८३ |

| क्र.सं. | निकाय | खण्ड | राजपत्रको प्रकार | अंक | मिति | विवरण |
|---|---|---|---|---|---|---|
| ७२. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ७६ | अतिरिक्ताङ्क | ५ | २०८३/०१/१८ | सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण (तेस्रो संशोधन) अध्यादेश, २०८३ |
| ७३. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ७६ | अतिरिक्ताङ्क | ६ | २०८३/०१/१९ | स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ |
| ७४. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ७६ | अतिरिक्ताङ्क | ७ | २०८३/०१/१९ | सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३ |
| ७५. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ७६ | अतिरिक्ताङ्क | ८ | २०८३/०१/१९ | विश्वविद्यालय सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ |
| ७६. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ७६ | अतिरिक्ताङ्क | ९ | २०८३/०१/२० | केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश |
| ७७. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ७६ | अतिरिक्ताङ्क | १० | २०८३/०१/२२ | संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश, २०८३ |
| ७८. | राष्ट्रपतिको कार्यालय | ७६ | पूर्व अतिरिक्ताङ्क | १(क) | २०८३/०१/०९ | गृह मन्त्रालयको कार्यभार सम्हाल्ने सम्बन्धी |
| ७९. | सङ्घीय संसद् सचिवालय | ७६ | अतिरिक्ताङ्क | ११ | २०८३/०१/२२ | सङ्घीय संसदको अधिवेशन आह्वान सम्बन्धी सूचना |
| ८०. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७६ | अतिरिक्ताङ्क | १२ | २०८३/०१/३० | नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३ |
| ८१. | राष्ट्रपतिको कार्यालय | ७६ | अतिरिक्ताङ्क | १३ | २०८३/०१/३० | प्रतिनिधि सभाको सचिव पदमा नियुक्त गरिएको सम्बन्धी सूचना |
| ८२. | राष्ट्रपतिको कार्यालय | ७६ | अतिरिक्ताङ्क | १४ | २०८३/०१/३१ | कार्यविभाजन गरी मन्त्रिपरिषद् गठन गरिएको सम्बन्धी सूचना |
| ८३. | राष्ट्रपतिको कार्यालय | ७६ | अतिरिक्ताङ्क | १५ | २०८३/०२/०१ | राष्ट्रिय दलित आयोगको सदस्य पदबाट राजीनामा दिएको सम्बन्धी सूचना |
| ८४. | अर्थ मन्त्रालय | ७६ | अतिरिक्ताङ्क | १५(क) | २०८३/०२/१५ | यात्रुले आफ्नो साथमा ल्याउने र लैजाने वस्तु सम्बन्धी सूचना |

| क्र.सं. | निकाय | खण्ड | राजपत्रको प्रकार | अंक | मिति | विवरण |
|---|---|---|---|---|---|---|
| ८५. | अर्थ मन्त्रालय | ७६ | अतिरिक्ताङ्क | १५(ख) | २०८३/०२/१५ | सामयिक कर असुल ऐन |
| ८६. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ७६ | अतिरिक्ताङ्क | १६ | २०८३/०२/१७ | प्रतिनिधि सभा सदस्य निर्वाचन (पहिलो संशोधन) ऐन, २०८३ |
| ८७. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ७६ | अतिरिक्ताङ्क | १७ | २०८३/०२/१७ | मतदाता नामावली (पहिलो संशोधन) ऐन, २०८३ |
| ८८. | राष्ट्रपतिको कार्यालय | ७६ | अतिरिक्ताङ्क | १५(अ) | २०८३/०२/०५ | नेपालको प्रधान न्यायाधीशको पदमा नियुक्ति सम्बन्धी सूचना |
| ८९. | अर्थ मन्त्रालय | ७६ | अतिरिक्ताङ्क | १५(ग) | २०८३/०२/१५ | मदिरा (पाँचौं संशोधन) नियमहरू, २०८३ |
| ९०. | अर्थ मन्त्रालय | ७६ | अतिरिक्ताङ्क | १५(घ) | २०८३/०२/१५ | मूल्य अभिवृद्धि कर (अट्ठाइसौं संशोधन) नियमावली, २०८३ |
| ९१. | अर्थ मन्त्रालय | ७६ | अतिरिक्ताङ्क | १५(ङ) | २०८३/०२/१५ | आयकर (सत्रौं संशोधन) नियमावली, २०८३ |
| ९२. | अर्थ मन्त्रालय | ७६ | अतिरिक्ताङ्क | १५(च) | २०८३/०२/१५ | अन्तःशुल्क (अट्ठाइसौं संशोधन) नियमावली, २०८३ |
| ९३. | अर्थ मन्त्रालय | ७६ | अतिरिक्ताङ्क | १५(छ) | २०८३/०२/१५ | भन्सार महसुल (दोस्रो संशोधन) नियमावली, २०८३ |
| ९४. | अर्थ मन्त्रालय | ७६ | अतिरिक्ताङ्क | १५(ज) | २०८३/०२/१५ | भन्सार (पहिलो संशोधन) नियमावली, २०८३ |
| ९५. | सङ्घीय संसद् सचिवालय | ७६ | अतिरिक्ताङ्क | १८ | २०८३/०२/१७ | प्रतिनिधि सभा नियमावली, २०८३ |
| ९६. | राष्ट्रपतिको कार्यालय | ७६ | अतिरिक्ताङ्क | १९ | २०८३/०२/२६ | मौजुदा मन्त्रिपरिषद्मा नियुक्ति, हेरफेर र कार्यविभाजन सम्बन्धी |
| ९७. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७६ | अतिरिक्ताङ्क | २० | २०८३/०३/०२ | परराष्ट्र मन्त्रालयको कार्यभार सम्हाल्ने सम्बन्धी |
| ९८. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ७६ | अतिरिक्ताङ्क | २१ | २०८३/०३/११ | वैकल्पिक विकास वित्त परिचालन ऐन, २०८३ |
| ९९. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ७६ | अतिरिक्ताङ्क | २२ | २०८३/०३/२५ | सार्वजनिक खरिद (दोस्रो संशोधन) ऐन, २०८३ |
| १००. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ७६ | अतिरिक्ताङ्क | २३ | २०८३/०३/२५ | सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण (तेस्रो संशोधन) ऐन, २०८३ |

| क्र.सं. | निकाय | खण्ड | राजपत्रको प्रकार | अंक | मिति | विवरण |
|---|---|---|---|---|---|---|
| १०१. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ७६ | अतिरिक्ताङ्क | २४ | २०८३/०३/२५ | सहकारी (पहिलो संशोधन) ऐन, २०८३ |
| १०२. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ७६ | अतिरिक्ताङ्क | २५ | २०८३/०३/२५ | स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८३ |
| १०३. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७६ | अतिरिक्ताङ्क | २६ | २०८३/०३/३० | सार्वजनिक खरिद (पन्ध्रौं संशोधन) नियमावली, २०८३ |
| १०४. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ७६ | अतिरिक्ताङ्क | २७ | २०८३/०३/३० | विनियोजन ऐन, २०८३ |
| १०५. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ७६ | अतिरिक्ताङ्क | २८ | २०८३/०३/३० | राष्ट्र ऋण उठाउने ऐन, २०८३ |
| १०६. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ७६ | अतिरिक्ताङ्क | २९ | २०८३/०३/३० | आर्थिक ऐन, २०८३ |

### ३.२.३ डिजिटल तथा गुण नियन्त्रण एकाइ

सविकको संरचनामा गुण नियन्त्रण तथा डिजिटल एकाइको रूपमा रहेको यस एकाइका प्रमुख कार्यहरू यस प्रकार छन्।

१. Variable Data भएको छपाइ
२. थोरै परिमाणको छपाइ
३. शीघ्र बहुरङ्गी छपाइ
४. थोरै पेज भएका सामग्री छपाइ
५. Spec अनुसारको Print Verification (Paper, Ink, Chemical, etc.)

यस एकाइ अन्तर्गत कपियर मेसिन र डिजिटल मेसिन गरी दुई प्रकारका मेसिनहरूबाट छपाइ कार्य हुँदै आइरहेको छ। यस एकाइ अन्तर्गत रहेका कपियर मेसिनहरूबाट आ.व. २०८२/०८३ मा भएको छपाइ कार्यको प्राप्त विवरण अनुसार वि.सं. २०८२ साउन ०१ गते देखि वि.सं. २०८३ असार मसान्तसम्ममा नेपाल राजपत्रको विभिन्न ४५ थान संख्या र ९२ थान अतिरिक्ताङ्क छपाइ कार्य भएको छ। यस एकाइ अन्तर्गतको डिजिटल मेसिनबाट भएको छपाइ कार्यको प्राप्त विवरण यसप्रकार रहेको छ।

| क्र.सं. | मिति | विवरण | पृष्ठ | प्रति | कैफियत |
|---|---|---|---|---|---|
| १. | २०८२/०४/१८ | सम्माननीय प्रधानमन्त्रीज्यूको तुर्कमेनिस्तान भर्मण कार्यक्रम पुस्तिका | ५८ | ५३ | पहिलो पेज रंगीन |
| २. | २०८२/०४/१८ | सम्माननीय प्रधानमन्त्रीज्यूको तुर्कमेनिस्तान भर्मण कार्यक्रम पुस्तिकाको कभर | २ | ५३ | रंगीन |
| ३. | २०८२/०४/२० | कृषि मन्त्रालयको फैसला प्रतिवेदन पुस्तक A4 साइजमा | १०८ | २६ | BW |
| ४. | २०८२/०४/२० | कृषि मन्त्रालयको फैसला प्रतिवेदन पुस्तकको कभर A4 साइजमा | २ | २६ | रंगीन |
| ५. | २०८२/०४/३० | मुद्रण विभागको वार्षिक प्रगति प्रतिवेदन | १०० | ३० | रंगीन |
| ६. | २०८२/०५/१३ | सम्माननीय प्रधानमन्त्रिज्यूको चीन भ्रमण पुस्तिका | ६० | ४३ | BW |
| ७. | २०८२/०५/१३ | सम्माननीय प्रधानमन्त्रिज्यूको चीन भ्रमण पुस्तिकाको कभर | २ | ४३ | रंगीन |
| ८. | २०८२/०६/२२ | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रतिवेदन | ३९५ | ५ | BW |
| ९. | २०८२/०६/२२ | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रतिवेदनको कभर | २ | ५ | रंगीन |
| १०. | २०८२/०७/१६ | सम्माननीय राष्ट्रपतिज्यूको कतार भ्रमण पुस्तिका र कभर | | ३३ | रंगीन |
| ११. | २०८२/०८/०५ | कृषि मन्त्रालयको पुस्तक कभर सहित | १३६० | १३ | रंगीन/BW |
| १२. | २०८२/०८/२९ | परराष्ट्र मन्त्रालयको पुस्तक | ८५ | ८ | रंगीन/BW |
| १३. | २०८२/०९/०१ | सहिद राजपत्र आर्टबोर्ड पेपरमा | १ | ४ | रंगीन |
| १४. | २०८२/०९/०४ | पत्रकार सम्मानपत्र | १ | ४ | रंगीन |
| १५. | २०८२/०९/०८ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय कभर (१३×१९ साइज) | २ | २०५ | रंगीन |
| १६. | २०८२/०९/१२ | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रदेशगत प्रतिवेदन कभर सहित | २०० | ७० | रंगीन |
| १७. | २०८२/०९/२१ | रक्षा मन्त्रालयको कभर (१०×१५ साइज) | २ | २०६ | रंगीन |
| १८. | २०८३/०२/०५ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नपुग फर्मा A4 साइज | १०० | १ | BW |

| क्र.सं. | मिति | विवरण | पृष्ठ | प्रति | कैफियत |
|---|---|---|---|---|---|
| १९. | २०८३/०२/२४ देखि २०८३/०३/०६ सम्म | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको राज्य सुविधा परिचय-पत्र | २ | ९७७२१ | रंगीन |
| २०. | २०८३/०३/२३ | हुलाक A4 साइज | १०० | १ | रंगीन |
| २१. | २०८३/०३/२३ | राष्ट्रिय योजना आयोगको कभर (१२×१८ साइज) | २ | १० | रंगीन |
| २२. | २०८३/०३/२५ | Philatelic Bulletin 2024 & 2025 को कभर (१२×१८ साइज) | २ | ५२० | रंगीन |
| २३. | २०८३/०३/२५ | हुलाक किताब | ६४ | १०० | रंगीन |

### ३.२.४ सि. टि. पि. तथा प्रेस एकाइ

साविकको संरचनामा रहेका प्रोसेस तथा सि.टि.पि. एकाइ, अफसेट क एकाइ, अफसेट ख एकाइ र अफसेट ग एकाइको कामहरू एकीकृत रूपमा काम गर्ने गरी हाल स्वीकृत संरचनामा कायम रहेको यस एकाइको कार्यविवरण देहायबमोजिम रहेका छन्।

१. PDF Document को Re-formatting
२. Template तयारी
३. PDF Imposition तयारी
४. Dummy तयारी
५. Plate Making and Developing
६. Plate Punching and Fitting/Setting
७. काम अनुसारको Ink Loading
८. Paper Size Setting/Loading
९. Registration Mark मिलान तथा छपाइ
१०. Plate भण्डारण

साविकको प्रोसेस तथा सि.टि.पि. एकाइबाट आ.व. २०८२/०८३ मा सम्पन्न भएका विभिन्न छपाइ सम्बन्धी कामका लागि प्रयोग भएको सि.टि.पि. प्लेटको विवरण यसप्रकार रहेको छ।

| सि.नं. | महिना | छपाइको विवरण | आवश्यक प्लेट संख्या | बिग्रीएको प्लेट संख्या | जम्मा प्लेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | साउन | नेपाल राजपत्र, उपराष्ट्रपतिको कार्यालय नव दर्पण, नोटरी लगायत अन्य। | २५३ | ७ | २६० | |
| २. | भदौ | नेपाल राजपत्र, नेपाल संस्कृत | १६७ | ४ | १७१ | |

| सि.नं. | महिना | छपाइको विवरण | आवश्यक प्लेट संख्या | बिग्रीएको प्लेट संख्या | जम्मा प्लेट | कैफियत |
|---|---|---|---|---|---|---|
| | | विश्व विद्यालयको ग्रन्थ, नोटरी, रिचार्ज कार्ड लगायत अन्य। | | | | |
| ३. | असोज | नेपाल राजपत्र, लुम्बिनी प्रदेशको विल बुक लगायत अन्य। | ४१ | ४ | ४५ | |
| ४. | कार्तिक | नेपाल राजपत्र, काठमाडौं महानगरपालिकाको टिकट तथा ब्रोसर, नेपाल पत्रिका लगायत अन्य। | ५५ | ० | ५५ | |
| ५. | मंसिर | नेपाल राजपत्र, काठमाडौं महानगरपालिकाको टिकट, वित्तिय संघीयता दर्पण, लुम्बिनी प्रदेशको बिल बुक लगायत अन्य। | ८१ | १ | ८२ | |
| ६. | पुस | नेपाल राजपत्र, सूचना तथा सञ्चार प्रविधि मन्त्रालयको एकीकृत कार्यान्वयन कार्ययोजना, रक्षा मन्त्रालयको वार्षिक प्रगति पुस्तिका लगायत अन्य। | १८७ | ० | १८७ | |
| ७. | माघ | नेपाल राजपत्र, नोटरी, नेपाल पत्रिका, महानगरको ब्रोसर लगायत अन्य | ५५ | ० | ५५ | |
| ८. | फागुन | नेपाल राजपत्र, तथ्याङ्क कार्यालयको पुस्तक, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदन लगायत अन्य | १५१ | ० | १५१ | |
| ९. | चैत्र | नेपाल राजपत्र, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वार्षिक प्रतिवेदन, वित्त आयोगको वार्षिक प्रतिवेदन, सुशासन मार्गचित्र लगायत अन्य | ४७२ | १५ | ४८७ | |
| १०. | बैशाख | नेपाल राजपत्र, ऋतम्भरा, नीति तथा कार्यक्रम लगायत अन्य | १५९ | ७ | १६६ | |

| सि.नं. | महिना | छपाइको विवरण | आवश्यक प्लेट संख्या | बिग्रीएको प्लेट संख्या | जम्मा प्लेट | कैफियत |
|---|---|---|---|---|---|---|
| ११. | जेठ | नेपाल राजपत्र, अर्थ मन्त्रालयको बजेट सम्बन्धी पुस्तकहरू, सूचना तथा सञ्चार मन्त्रालयको वार्षिक विकास कार्यक्रम, राष्ट्रिय योजना आयोगको मध्यमकालिन खर्च संरचना, नागरिकताको प्रमाण पत्र लगायत अन्य | ९१७ | २० | ९३७ | |
| १२. | असार | नेपाल राजपत्र, महानगरपालिकाको ब्रोसर, हुलाक सेवा विभागको वार्षिक प्रतिवेदन, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको विधेयक, हुलाक सेवा विभागको रंगीन पुस्तकहरू तथा पोष्टर, सार्वजनिक खरिद पत्रिका लगायत अन्य | ४५३ | ९ | ४६२ | |
| **जम्मा खर्च भएको प्लेट संख्या** | | | **२९९१** | ६७ | **३०५८** | |
| **आ.व. २०८३/०८४ को लागि बाँकी प्लेट मौज्दात** | | | | | **१९ वटा** | |

साविकको अफसेट क, ख र ग एकाइबाट आ.व. २०८२/०८३ मा सम्पन्न भएका विभिन्न छपाइ सम्बन्धी कामको विवरण यसप्रकार रहेको छ।

१. नेपाली नागरिकताको प्रमाण पत्र
२. नेपाल राजपत्र (संख्या र अतिरिक्ताङ्क)
३. नेपाल सरकारबाट विभिन्न समयमा जारी भएका अध्यादेश तथा विधेयकहरू
४. प्रदेश तथा स्थानीय राजपत्रहरू
५. अर्थमन्त्रालयको बजेटसम्बन्धी पुस्तकहरू
६. सार्वजनिक संस्थानको पुस्तकहरू
७. विभिन्न मन्त्रालय तथा आयोगका वार्षिक प्रतिवेदनहरू
८. नोटरी पब्लिक परिषद्को क्यू. आर. कोडसहितको लेटर प्याड
९. अन्य छपाइसम्बन्धी कार्यादेश भई आएका कार्यहरू

### ३.२.५ बाइन्डिङ एकाइ

साविकको संरचना एवम् वर्तमान संरचनामा समेत उही नाम रहेको तथा साविकको सुरक्षण मुद्रण एकाइबाट हुँदै आएको नम्बरिङ्ग लगायतका केही काम समेत गर्ने गरी कायम रहेको यस एकाइको कार्यविवरण यसप्रकार रहेका छन्।

१. छपाइको साइज अनुसार कागज काट्ने,
२. मुद्रित सामग्री संकलन,
३. नम्बरिङ्ग (टिकट, ट्रान्सक्रिप्ट, ब्लुबुक, नोटरी, आदि),
४. फोल्डिङ,
५. ग्यादरिङ,
६. स्टिचिङ,
७. पर्फोरेटिङ/डाइ कटिङ (पन्चिङ),
८. परफेक्ट बाइन्डिङ (बुक कभरिङ),
९. प्याकिङ्ग,
१०. हार्ड कभर बाइन्डिङ (नीति तथा कार्यक्रम),
११. छपाइ सामग्री ट्रिमिङ (कटिङ्ग),
१२. भण्डारण तथा वितरण,
१३. अभिलेख तथा सुपरीवेक्षण।

बाइण्डिङ एकाइले सम्पूर्ण छपाइ भई आएका पुस्तकलगायत विभिन्न छपाइ कार्यहरू गुणस्तरीय ढंगबाट समयमा नै फोल्डिङ्ग गर्ने, ग्यादरिङ्ग गर्ने, बाइन्डिङ्ग गर्ने, कटिङ्ग गर्ने र प्याकिङ्ग गर्ने लगायतका काम गरी सम्बन्धित निकायलाई जिम्मा लगाउने कार्य गर्दै आएको छ। आगामी दिनमा यो एकाइलाई अझ बढी चुस्त र दुरुस्त बनाउनका लागि यहाँ कार्यरत कर्मचारीहरूलाई नयाँ-नयाँ प्रकारका मेसिनहरू सञ्चालन सम्बन्धी आवश्यक तालिम दिई दक्ष जनशक्तिको रूपमा तयार गर्ने गरी मानव संशाधन विकासमा समेत ध्यान दिन जरुरी देखिन्छ। आ.व. २०८२/०८३ मा विभागको मुद्रण प्रबन्ध एकाइबाट प्राप्त भएको अर्डरस्लिपमा उल्लेख भए बमोजिमका सम्पूर्ण कामहरू यस एकाइबाट गुणस्तरीय ढंगले सम्पन्न भएका छन्।

### ३.२.६ राजपत्र वितरण एकाइ

साविकको संरचना एवम् वर्तमान संरचनामा समेत उही नाम रहेको यस एकाइको कार्यविवरण यसप्रकार रहेका छन्।

१. ग्राहक बनाउने (डिजिटल ग्राहक समेत)
२. ग्राहक अभिलेख
३. छपाइ भएको राजपत्र संकलन

४. ग्राहकप्रति वितरण (Outsourcing वा हुलाकसँग MOU गरी)

**नेपाल राजपत्रको ग्राहकसंख्या सम्बन्धी विवरण**

आ.व. २०८२/०८३ को रेकर्ड अनुसार वि.सं. २०८२ साउन १ देखि वि.सं. २०८३ असार मसान्तसम्म ८०० प्रति र वि.सं. २०८१ माघ १ देखि ८०० प्रति छपाइ भईरहेको छ। उक्त ग्राहकसंख्या मध्ये निःशुल्क १ प्रति, कार्यालय सहयोगीमार्फत बुझाउनु पर्ने ग्राहक संख्या ८८ प्रति, हुलाक सदस्य ग्राहक संख्या ७० प्रति, आफै बुझिलिने ग्राहक संख्या ६५५ प्रति रहेको छ।

**वार्षिक राजपत्र विक्रिवापत प्राप्त भएको राजस्व :**

यस एकाइबाट आ.व. २०८२/०८३ मा नेपाल राजपत्रको बिक्री, वितरण एवं ग्राहक नविकरणबाट संकलन भएको राजस्वको विवरण यसप्रकार रहेको छ।

| क्र.सं. | राजस्व संकलन भएको विवरण | जम्मा |
|---|---|---|
| १. | नविकरणबाट (हुलाकबाट नविकरण समेत) प्राप्त रकम रु. | ९,२६,१००/- |
| २. | नयाँ सदस्यबाट (हुलाकबाट नयाँ सदस्य समेत) प्राप्त रकम रु. | २,२४,४००/- |
| ३. | फुटकर विक्रीबाट प्राप्त रकम रु. | ३१,३९९/- |
| ४. | चेक भौचरबाट भुक्तानी भएको रकम रु. | २,३८,२००/- |
| **जम्मा संकलित राजस्व रकम रु.** | | **१४,२०,०९९/-** |

## ३.२.७ मेसिन संरक्षण तथा मर्मत एकाइ

साविकमा मर्मत एकाइको रूपमा रहेको र हालको स्वीकृत संरचनामा रहेको यस एकाइको कार्यविवरण यसप्रकार रहेका छन्।

१. मेसिन उपकरणको लगत
२. मेसिन उपकरणको मर्मत तथा सम्भार
३. मेसिनको अवलोकन तथा निरीक्षण
४. मेसिनको अवस्था एकिन/समस्या पहिचान
५. आफै मर्मत गर्न नसकिने मेसिनको लागि मर्मतको लागत/आदेश
६. आन्तरिक Electric Circuit/Wiring व्यवस्थापन

यस एकाइले आ.व. २०८२/०८३ मा २०८२ साउन ०१ देखि २०८३ असार मसान्तसम्ममा सम्पन्न गरेका कामको विवरण यसप्रकार रहेको छः

| सि.नं. | मिति | शाखा/ एकाइ | विवरण | कार्य प्रगति |
|---|---|---|---|---|
| १. | २०८२/०८/०२ | अफसेट एकाइ | Heidelberg Press Machine | मर्मत कार्य सम्पन्न भएको |

मुद्रण विभाग, सिंहदरबार, काठमाडौं

| सि.नं. | मिति | शाखा/ एकाइ | विवरण | कार्य प्रगति |
|---|---|---|---|---|
| २. | २०८२/१२/०३ | अफसेट एकाइ | Heidelberg Press Machine | मर्मत कार्य सम्पन्न भएको |
| ३. | २०८३/०३/१२ | बाइन्डिङ एकाइ | Hydraulic Cutting Machine K115S | मर्मत कार्य सम्पन्न भएको |

❑❑❑

# परिच्छेद - चार
# मुद्रण सम्बद्ध नियम तथा कार्यविधि

## ४.१ मुद्रण सम्बन्धी नियमहरू, २०५५

### मुद्रण सम्बन्धी नियमहरू, २०५५

नेपाल राजपत्रमा प्रकाशित मिति

२०५५।१२।२२

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "मुद्रण सम्बन्धी नियमहरू, २०५५" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमा-

(क) "विभाग" भन्नाले नेपाल सरकार, मुद्रण विभाग सम्झनु पर्छ।

(ख) "महानिर्देशक" भन्नाले विभागको महानिर्देशक सम्झनु पर्छ।

३. **नेपाल राजपत्र लिलाम गर्न वा धुल्याउन सक्ने** : महानिर्देशकले विभागमा रहेका नेपाल राजपत्रका जगेडा प्रतिहरू मध्ये विषयको प्रकृति हेरी आवश्यक नदेखिएका नेपाल राजपत्रहरू जुनसुकै समयमा र अन्य नेपाल राजपत्रहरू दश वर्ष पुगेपछि सम्बन्धित मन्त्रालयको स्वीकृति लिई प्रचलित कानून बमोजिम लिलाम गर्न वा धुल्याउन सक्नेछ।

४. **अतिरिक्त समय काम लगाउन सक्ने** : (१) महानिर्देशकले आवश्यकतानुसार विभागका कर्मचारीहरूलाई अतिरिक्त समय काम लगाउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम कुनै राजपत्र अनङ्कित कर्मचारीलाई अतिरिक्त समयमा काम लगाउँदा निजले कम्तीमा दुई घण्टा अतिरिक्त समय काम गरेमा मात्र वार्षिक विनियोजनको अधिनमा रही अतिरिक्त समय भत्ता दिइनेछ। सो भत्ता दिंदा कर्मचारीले एकदिनमा पाउने तलबको घण्टाको हिसाबले काम गरेको बढी घण्टाको अतिरिक्त समय भत्ता पाउनेछ।

तर अतिरिक्त समय काम गरे बापत निजले सट्टा विदा लिन चाहेमा त्यस्तो विदा लिन सक्नेछ।

(३) उपनियम (१) बमोजिम कुनै राजपत्राङ्कित कर्मचारीलाई अतिरिक्त समयमा काममा लगाउँदा निजले कम्तीमा दुई घण्टा अतिरिक्त समय काम गरेमा प्रचलित कानून

बमोजिम खाजा खर्च दिइनेछ। सो भन्दा बढी समय काम गरेमा खाना खर्च दिंदा सोको दर अर्थ मन्त्रालयबाट स्वीकृत गराएर मात्र दिन सकिनेछ।

५. **खारेजी** : नेपाल सरकारको छापाखाना नियमहरू, २०३५ खारेज गरिएको छ।

## ४.२ नेपाल राजपत्रलाई अद्यावधिक गर्ने र वेबसाइटमार्फत प्रकाशन गर्ने सम्बन्धी कार्यविधि, (पहिलो संशोधन) २०७३

### नेपाल राजपत्रलाई अद्यावधिक गर्ने र वेबसाइटमार्फत प्रकाशन गर्ने सम्बन्धी कार्यविधि, (पहिलो संशोधन) २०७३

विधायीकाबाट पारित भई राष्ट्रपतिद्वारा प्रमाणीकरण भएको संविधान, ऐन, अध्यादेश, तथा नेपाल सरकारबाट स्वीकृत गरिएका नियम, विनियम एवं नेपाल पक्ष भएका सन्धि सम्झौताहरू तथा सरकारी निणर्य एवं सूचनालाई नेपाल राजपत्रको माध्यमबाट प्रकाशन गरी नागरिकहरूलाई सूचनाको हक सम्बन्धी अधिकारको उपभोग गर्ने वातावरणको प्रत्याभूत गर्दै, वि.सं. २००८ सालदेखि हालसम्म प्रकाशन भएका नेपाल राजपत्रलाई नियमित, र व्यवस्थित रूपमा सर्वसाधारणहरूको बीचमा वेबसाइट मार्फत पुऱ्याउन बाञ्छनीय भएकोले नेपाल सरकार मुद्रण विभागले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "नेपाल राजपत्रलाई अध्यावधिक गर्ने र वेबसाइट मार्फत प्रकाशन गर्ने सम्बन्धी कार्यविधि, (पहिलो संशोधन) २०७३" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क. "विभाग" भन्नाले नेपाल सरकारको मुद्रण विभागलाई सम्झनु पर्दछ।

ख. "वेबसाइट" भन्नाले मुद्रण विभागको वेबसाइट www.dop.gov.np सम्झनु पर्छ।

ग. "अध्यावधिक गर्ने कार्य" भन्नाले विभागको वेबसाइटमा प्रकाशन गरिने नेपाल राजपत्रलाई विद्युतीय स्वरूपमा तयार गरी वेबसाइटमा समावेश गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले त्यसरी समावेश गर्नु अगाडि गरिने प्रूफरिडिङ लगायत सम्पादन गर्ने कार्य समेतलाई जनाउनेछ।

३. **नेपाल राजपत्रको विद्युतीय प्रति प्रकाशन गर्ने** : (१) नेपाल राजपत्रमा प्रकाशन गरिएका संविधान, ऐन, अध्यादेश तथा नेपाल सरकारबाट स्वीकृत गरिएका नियम, विनियम एवं नेपाल पक्ष भएका सन्धि सम्झौताहरू तथा सरकारी निर्णय एवं सूचनालाई विभागले प्रचलित कानुनको अधिनमा रही नेपाल राजपत्रको विद्युतीयप्रति मार्फत प्रकाशन गर्न सक्नेछ।

(२) विभागबाट प्रकाशन हुने नेपाल राजपत्रमा निम्न भागहरू रहने छन् र तत् भागमा निम्नानुसारका विषयहरू प्रकाशित हुने छन् :-

क) भाग १ - संविधान वा राष्ट्र प्रमुखको सन्देश, घोषणा पत्रहरूको प्रकाशन।

ख) भाग २ - व्यवस्थापिका संसदबाट पारित भई राष्ट्रपतिबाट प्रमाणीकरण गरिएका ऐन तथा अध्यादेशहरू।

ग) भाग ३ - मन्त्रिपरिषद्बाट पारित नियमावली तथा नेपाल सरकारले जारी गरेका आदेशहरू।

घ) भाग ४ - संविधान अन्तर्गतका नियुक्ति तथा सूचनाहरू।

ङ) भाग ५ - ऐन, नियम वा आदेश अन्तर्गत वा नेपाल सरकारको निणर्यबमोजिम राजपत्रमा प्रकाशन गर्नुपर्ने भनी उल्लेख भएका सूचनाहरू।

